# कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८३

(पर्यटनतर्फ)

प्रदेश सरकार (मा.मन्त्रिस्तरीय निर्णय)बाट स्वीकृत मिति: २०८३/०६/०९

स्वीकृत

मन्त्री

## कोशी प्रदेश सरकार
## पर्यटन, वन तथा वातावरण मन्त्रालय
## विराटनगर,नेपाल

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय

कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पर्यटन विकास आयोजना, पर्यटन कार्यालय,आयोजना इकाईर कार्यालयहरुबाट स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यमान ऐन, नियम, कार्यविधि र मार्गदर्शनअनुसार सञ्चालन गरी कार्यक्रमले राखेको उद्देश्य, आशातित उपलब्धी प्रदेश सरकारको नीति तथा कार्यक्रमले हासिल गरी मन्त्रालयको समग्र उद्देश्य प्राप्ति गर्नु र नागरिक सेवा प्रवाह गराई सुशासन कायम गर्नु गराउनु तथा कार्यक्रमको उपलब्धी प्राप्त गर्नु रहेको छ। विभिन्न कार्यक्रम र क्रियाकलापहरु विभिन्न निकायहरुले सम्पादन गर्दा समान प्रकृतिका क्रियाकलाप मापदण्ड अनुसार कार्यान्वयन होउन् र कार्यान्वयन गर्ने निकाय/कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यलेविगतका अनुभवहरुलाई समेत मध्यनजर गरी कोशी प्रदेश विनियोजन ऐन,२०८३ को दफा ११ को उपदफा(२) को अधिकार प्रयोग गरी आ. व. २०८३/८४ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न यो मार्गदर्शन तयार गरीएको छ।

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त

यो मार्गदर्शन निर्माणका क्रममा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४,कोशीप्रदेश सार्वजनिक खरिद नियमावली २०८३, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, भ्रमण खर्च नियमावली, २०६४, कोशी प्रदेश विनियोजन ऐन, २०८३ तथा आ.व. २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनलाई आधारभूत सिद्धान्तको रुपमा लिइएको छ। उल्लिखित सिद्धान्तको परिधिभित्र रही प्रचलित कानूनका आधारमा तय गरिएका क्रियाकलाप सञ्चालन गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ। यस मार्गदर्शनमा उल्लेख भए बाहेकका स्वीकृत वार्षिक कार्यक्रमहरू र पर्यटन विकाश आयोजनाबाट संचालन हुने कार्यक्रमहरु संचालन गर्दा **कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८२** माननीय मन्त्रीस्तरीय मिति २०८२/०५/२३ को निर्णयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन विधि, जनशक्ति व्यवस्थापन, अपेक्षित उपलब्धि सोही बमोजिम गर्ने गरी यो मार्गदर्शन तयारी गरिएको छ। साथै वार्षिक क्रियाकलापमा समाबेश भई यस मार्गदर्शनमा कुनै क्रियकलाप छुट हुन गएमा उक्त कार्यक्रमको छुट्टै मार्गदर्शन बनाई कार्यक्रम कार्यान्वयन गर्न यो मार्गदर्शन बाधक हुने छैन।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

मा. स्विनु लङवा (लिम्बू)
मन्त्री

## विषयसूची

पर्यटन वन तथा वातावरण मन्त्रालयबाट संचालन हुने क्रियाकलापहरु ........ ४
१.हिमालयन ट्राभल मार्टमा सहभागिता र सहयोग........ ४
३.टुर अपरेटरर ट्राभल एजेन्सीहरूसँग ट्रेल गन्तव्यहरूको प्रवर्द्धनात्मक व्यापार रणनीति बैठकहरू........ ६
४. कोशी प्रदेश पर्यटनका लागि ब्रान्ड एम्बेसडरहरू नियुक्त गर्ने ........ ७
६. छापा र डिजिटल मिडियामा को शी पदमार्ग गन्तव्यहरूको प्रचारात्मक विज्ञापन........ ९
८. संघीय सरकार, स्थानीय सरकार र सरोकारवालाहरूसँग पर्यटन संवाद........ १२
१०. अनुगमन तथा निरीक्षण........ १४
११. कोशी प्रदेशका १४ वटै जिल्लाको ट्राभल बुक प्रकाशन........ १४
१२. डिजिटल मार्केटीङ सम्वन्धी तालिम कार्यक्रम........ १६
१३. डिजिटल डिस्प्ले बोर्ड व्यवस्थापन तथा सुदृढीकरण........ १७
१४. पर्यटकिय क्षेत्रमा बालवालिका लागि बाल बगैचा उद्यानका लागि खेल सामाग्री........ १७
१५. पर्यटन कार्यालय, हर्कपुर, ओखलढुंगा........ १८
१६. कोशी प्रदेशका प्रमुख “धार्मिक परिपथ” तथा धार्मिक स्थलहरूको विस्तृत अध्ययन ........ १९
१७. संभावित हिल स्टेशनहरूको पुर्व सम्भाव्यता अध्ययन........ २०
१९. प्रचार प्रसार सामाग्री खरिद (टिसर्ट, टोपी, झोला, मायाको चिनो लगायत)........ २१
२०. कोशी प्रदेश निजामती कर्मचारीको सहभागितामा हिमाल आरोहण........ २२
२१. पर्यटकीय गन्तव्यको QR कोड प्रणाली निर्माण/ स्तरोन्नती........ २३
२२. Tourism conclave कार्यक्रम........ २४
२६. हिलस्टेशन तथा आरोग्य पर्यटन गन्तव्य ब्रान्डिङ तथा प्रचार प्रसार ........ २८
२७. भ्रमण वर्षको ब्राण्डिङ तथा प्रचार प्रसार (लोगो, नारा तथा गित) ........ २९
२८. पर्यटन प्रवर्धनात्मक सामग्री प्रकाशन सहयोग/खरिद ........ ३०
२९. भ्रमण वर्षको प्रचार प्रसारको लागि टिकटक प्रतियोगिता ........ ३१
३०. पर्यटन प्रवर्द्धनका लागि अन्तराष्ट्रिय मैथिली सम्मेलन- २०२६ ........ ३२
३१. नेपाल भारत मैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव-२०८३........ ३३
३२. पर्यटन प्रवर्द्धनका लागि नेपाल- भारत- भुटान त्रिदेशीय मिडिया पर्यटन सम्मेलन आयोजना ........ ३४
३३. संयुक्त पर्यटन फोटो तथा प्रदर्शनी (नेपाल फोटो पत्रकार महासंघ मोरङ र कोशी प्रदेशको समन्वयमा)........ ३५
३४. मैथिली भाषामा प्रदेशस्तरिय धार्मिक तथा सांस्कृतिक स्थलहरुको डकुमेन्ट्री निर्माण ( मिथिला विकास अभियान विराटनगरको समन्वयमा)........ ३६



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

३५. पर्यटन प्रवर्द्धनका लागि रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण ........ ३७

३६. पर्यटन प्रवर्द्धनका लागि पत्रकार लेखन वृत्ति (Fellowship) ........ ३८

३७. पर्यटकीय तथा धार्मिक क्षेत्रका विषयमा कलम चलाएका सीमा वारपारका अगुवा पत्रकार संग प्रवर्धन कार्यक्रम ........ ३९

३८. खेल पर्यटनका लागि प्रदेश खेलकुद विकास बोर्ड मार्फत सञ्चालन हुने क्रियाकलापहरु ........ ४०

३९. खेल पर्यटनको लागि कोशी सुपरलिग ........ ४२

४०. खेल पर्यटनका लागि इटहरी गोल्डकप सुनसरी ........ ४३

४१. खेल पर्यटनका लागि विराट गोल्डकप, विराटनगर ........ ४४

४२. खेल पर्यटनका लागि बुढासुब्बा गोल्डकप, सुनसरी ........ ४५

४४. पर्यटन कार्यालय, हर्कपुर, ओखलढुंगा ........ ४७

४५. नेपाल पत्रकार महासंघ मोरङ, शाखा (विहार,युपी तथा सीमा क्षेत्रका पत्रकार संग पर्यटन क्षेत्रको प्रचार प्रसार ) ........ ४८

४७. पर्यटन प्रवर्द्धनका लागि वातावरणीय क्षेत्रमा पहाडको प्रभावबारे पत्रकारहरूलाई अभिमुखीकरण कार्यक्रम (पत्रकार महासंघ ओखलढुंगा मार्फत) ........ ५१

४८. विभिन्न ऐतिहासिक ,धार्मिक ,सामाजिक पर्यटकीयक्षेत्रको समग्र अध्ययनको डि पि आर ........ ५२

पर्यटन कार्यालय काकरभिट्टा मार्फत सञ्चालन हुने कार्यक्रमहरु ........ ५४

१. होमस्टेका सञ्चालकहरुलाई शिप विकास तालिम सञ्चालन अतिथि सत्कार तथा व्यवस्थापन पाककला आदि ........ ५४

२. सार्वजानिक यातायातमा संलग्न चालक सह-चालकहरुलाई पर्यटकमैत्री व्यवहार सम्वन्धि सचेतना कार्यक्रम ........ ५५

३. होटल ट्राभल्स, ट्रेकिङमा आवद्ध व्यवसायीहरुको क्षमता विकास कार्यक्रम ........ ५६

४. स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन ........ ५७

५. अन्य भ्रमण कार्यक्रम ........ ५८

६.साहसिक पर्यटन प्रवर्द्धन (Adventure Tourism Promotion) मा सहकार्य सम्बन्धी कार्यक्रम ........ ५८

७. निशान पदमार्ग प्रवर्द्धन कार्यक्रम ........ ६०

८.सांस्कृतिक सर्किट पदमार्ग रोड ........ ६१

९.इन्डो-नेपाल वाइक राइडिङ ........ ६२

१०.रेडपाण्डा फेस्टिवल ........ ६३

११.Explore Taplejung कार्यक्रमः ........ ६५

१२.गन्तव्यहरुको प्रतियोगितात्मक सर्ट भिडियो निर्माण तथा टिकटक प्रतियोगिता ........ ६६

१३. कोशी-सिक्कम चिवाभञ्ज्याङ Friendship Tourism Meet ........ ६८

१४.केचना कन्चनजङ्गा उत्तरदायी पर्यटन सम्मेलन ........ ६९

१५. कर्सोङ्ग पदमार्ग ट्रेल रन ........ ७०

१६. पर्यटकीय क्षेत्रमा सूचनाका लागि डाइरेक्शन बोर्ड निर्माण ........ ७२

१७. पर्यटन प्रवर्द्धनका लागि तिम्बुङ्ग पोखरी म्याराथन ........ ७३

१८. अन्तरदेशीय पर्यटन मार्ट ........ ७५

१९. चिया पर्यटन प्रवर्द्धन पाँचथर ........ ७६



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

२०. कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम ....... ७७
२१. पर्यटन पत्रकारीता सम्बन्धि क्षमता विकास कार्यक्रम ....... ७९
२२. भारतीय सीमावर्ती बजारमा गरिने मार्ट तथा पर्यटन प्रवर्द्धनमा सहभागीता....... ८०
२३. पर्यटन दिवस तथा समारोह ....... ८२
२४. क्रस बोर्डर पर्यटन प्रवर्द्धन कार्यक्रम....... ८३
२५. चौंरी महोत्वस....... ८४
२६. मुख्य गन्तव्य क्षेत्रका धार्मिक सार्वजनिक स्थलहरु र कोशी टप्पुमा सरसफाई तथा सौन्दर्यकरण....... ८६
२७. पर्यटन सूचना केन्द्रहरुको सुदृणिकरण....... ८७
२८. पर्यटकीय गन्तव्यहरुको सूचनामुलक जानकारी सहितको QR कोर्ड तयारी....... ८८
पर्यटन कार्यालय धरान, सुनसरी....... ९०
१. पर्यटन जनशक्ति उत्पादन तालिम ....... ९०
२. कोशीटप्पु सिमसार सामुदायिक होमस्टे संस्थागत सुदृढीकरण सहयोग कार्यक्रम ....... ९१
३. पर्यटकीय गन्तव्यहरुको छोटो भिडियो निर्माण ....... ९२
४. सामुदायिक होमस्टे प्रवर्द्धनात्मक सहयोग कार्यक्रम ....... ९३
५. कोशी खाद्य उत्सव ....... ९४
६. पर्यटन गाइड तालिम....... ९६
७. मुख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजानिक स्थलहरु र कोशीटप्पुमा सरसफाइ र सौन्दर्यकरण....... ९७
८. हनि हन्टिङ फेस्टिभल....... ९८
९. गोठस्टेमा सरसफाइ तथा आतिथ्यता सम्बन्धी तालिम....... ९९
१०. स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन ....... १००
११. नेपाल-भारतमैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव, बिराटनगर....... १०२
१२. होमस्टे सम्बन्धी अभिमुखिकरण कार्यक्रम....... १०३
१३. पर्यटन सूचना केन्द्रहरुको सुदृणीकरण....... १०४
१४. पर्यटन प्रवर्द्धन सहयोग कार्यक्रम ....... १०५
१५. डिजिटल मार्केटिङ सम्बन्धी तालिम ....... १०६
१६. प्याराग्लाइडिङ प्रतियोगिता....... १०७
१७. रुद्राक्ष उत्पादन क्षेत्रहरुमा होमस्टे तथा कृषि पर्यटन कार्यक्रम ....... १०८
१८. न्याफ्टिङ महोत्सव/अभियान मार्फत पर्यटन प्रवर्द्धन कार्यक्रम....... ११०
१९. पर्यटन सम्बन्धी सामाग्री छपाई (ब्रोसर, लिफलेट, डायरी, क्यालेणरआदी) ....... १११
२०. उपहारजन्य सामाग्री छपाइ तथा खरिद ....... ११२
२१. पौराणिकगाथा, लोक कथा र ऐतिहासिक तथ्यमा आधारित डिजिटल स्टोरी टेलिङ सामाग्री तयारी ....... ११३
२२. Explore Koshi Tappu कार्यक्रम....... ११४

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## पर्यटन वन तथा वातावरण मन्त्रालयबाट संचालन हुने क्रियाकलापहरु

### १.हिमालयन ट्राभल मार्टमा सहभागिता र सहयोग

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२१६ | १ | पटक | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | राष्ट्रिय स्तरमा आयोजना हुने पर्यटन व्यापार मेलाहरूमा सहभागिता जनाउँदा कोशी प्रदेशका गन्तव्यहरूको प्रत्यक्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचार प्रसार र व्यावसायिक सम्पर्क विस्तार हुने भएकाले हिमालयन ट्राभल मार्टमा प्रदेशको सहभागिता र सहयोगका लागि यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • कोशी प्रदेशका पर्यटन गन्तव्य तथा उत्पादनको प्रवर्द्धन गर्ने।<br>• पर्यटन व्यवसायी तथा बजारसँग व्यावसायिक सम्बन्ध विस्तार गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • कोशी प्रदेशका गन्तव्य तथा पर्यटन उत्पादनको प्रचार-प्रसार।<br>• सम्भावित पर्यटन व्यवसायी तथा बजारसँग व्यावसायिक सम्पर्क स्थापना। |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रममा सहभागिताको लागि मन्त्रालयले आयोजकलाई अनुरोध गर्ने,<br>• स्टल/प्याभेलियन खरिद/भाडा तथा गन्तव्य कोशीको प्रवर्द्धन एवं प्रचार प्रसार हुने सौन्दर्यीकरणका सामग्रीहरू सम्बन्धमा तोकिएको दररेटका आधारमा आयोजकसँग सम्झौता गर्ने,<br>• कार्यक्रममा सहभागि हुने कोशी प्रदेशका टुर अपरेटर, ट्रेकिङ एजेन्सी तथा ट्राभल एजेन्सीहरु र मन्त्रालयबाट तोकिएका प्रतिनिधिलाई निर्णय गरी तपसिलका शिर्षकमा आवश्यक आर्थिक सहयोगगर्न सकिनेछ।<br>➢ प्रचार प्रसार सामग्री, जनशक्ति व्यवस्थापन, मसलन्द सामग्री, भ्रमण खर्च तथा खाना, खाजा, वास लगायत अन्य आवश्यक शिर्षक । |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, परियोजना व्यवस्थापन तथा समन्वय इकाई(PMCU)<br>• सम्बन्धित आयोजक संस्था,<br>• सहभागी हुने टुर अपरेटर, ट्रेकिङ एजेन्सी तथा ट्राभल एजेन्सीहरु । |
| ६. प्रगति सुचक | आयोजक/सहभागीबाट प्राप्त कार्यक्रम सम्पन्न प्रतिवेदन। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात खर्चको बिल/भरपाई, फोटो/भिडियो, कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने । | | | | | |

## २.ईष्टर्न ट्राभल मार्टमा सहभागिता र सहयोग

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९० ०१३० ११ | २२५२२ | २.५.११.२१७ | १ | पटक | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रम कोपृष्ठभुमी | पूर्वाञ्चल क्षेत्र लक्षित 'ईष्टर्न ट्राभल मार्ट कोशी प्रदेशका गन्तव्यहरूलाई नजिकैको व्यापारिक बजारमा चिनाउने प्रभावकारी मञ्च भएकाले यसमा प्रदेशको सहभागिता र सहयोगका लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रम कोउद्देश्य | ईष्टर्न ट्राभल मार्टमा सहभागी भई कोशी प्रदेशका गन्तव्यको प्रचार प्रसार र ट्राभल व्यवसायीसँग व्यावसायिक सम्बन्ध विस्तार गर्ने । |
| ३. अपेक्षित उपलब्धी | • स्टल/प्याभिलियन मार्फत गन्तव्य प्रचार सम्पन्न<br>• स्थानीय तथा क्षेत्रीय ट्राभल व्यवसायी सँग सम्पर्क विस्तार |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले कार्यक्षेत्रगत शर्त तोकेर आयोजकसँग प्रस्ताव माग गर्ने,<br>• प्रस्ताव स्वीकृत गरी आयोजकसँग सम्झौता गर्ने,<br>• कार्यक्रममा तपसिल बमोजिमको शिर्षकमा खर्च गर्न सकिने:<br>स्टल/प्याभेलियन खरिद/भाडा, कोशीका पर्यटकिय गन्तव्य प्रवर्द्धन एवं प्रचार प्रसार हुने किसिमका सजावट र सामग्री तयारी तथा व्यवस्थापन, जनशक्ति व्यवस्थापन, मसलन्द सामग्री, भ्रमण खर्च तथा खाना, खाजा लगायत अन्य आवश्यक खर्च।<br>• कार्यक्रममा सहभागिताको लागि मन्त्रालयले प्रतिनिधि समेत तोक्न सक्नेछ। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश , परियोजना व्यवस्थापन तथा समन्वय इकाई(PMCU)<br>• सम्बन्धित आयोजक संस्था, |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ६. प्रगति सुचक | आयोजक/सहभागीबाट प्राप्त कार्यक्रम सम्पन्न प्रतिवेदन। | | | | | |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात खर्चको बिल/भरपाई, फोटो/भिडियो, कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने। | | | | | |

**३.टुर अपरेटरर ट्राभल एजेन्सीहरूसँग ट्रेल गन्तव्यहरूको प्रवर्द्धनात्मक व्यापार रणनीति बैठकहरू**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२१८ | १ | पटक | ५०० | सबै |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | TTDP का ट्रेल गन्तव्य तथा पर्यटन उत्पादनलाई पर्यटन व्यवसायी/ट्राभल एजेन्सी (TOs/TAs) मार्फत बजारसँग जोड्न व्यावसायिक प्रवर्द्धन रणनीति आवश्यक छ। यसका लागि कोशी प्रदेश एवं अन्तर प्रदेशभित्र सरोकारवाला पक्षसँग संवाद, विषयगत छलफल तथा अन्तरक्रिया गर्न आवश्यक भएकाले यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • प्राथमिकता प्राप्त ट्रेल गन्तव्य तथा पर्यटन उत्पादनलाई पर्यटन व्यवसायी/ट्राभल एजेन्सी माझ प्रवर्द्धन गर्ने।<br>• व्यावसायिक रूपमा सम्भाव्य ट्रेल पर्यटन प्याकेज विकास गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • TOs/TAs माझ ट्रेल गन्तव्यबारे जानकारी र रुचि वृद्धि।<br>• TTDP र TOs/TAs बीच संयुक्त प्रवर्द्धन रणनीति तथा कार्ययोजना तयार। |
| ४. कार्यन्वयन प्रक्रिया | • प्राथमिकता प्राप्त गन्तव्य र लक्षित पर्यटन व्यवसायी/ट्राभल एजेन्सी पहिचान गर्ने,<br>• कार्यक्रम गर्ने मिति, समय र स्थान मन्त्रालयले तय गर्ने,<br>• TOs/TAs सँग व्यावसायिक बैठक/कार्यशाला/ अन्तरक्रिया आयोजना गरी सहकार्य र फलोअप गर्ने, |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|

| | |
|---|---|
| | • यस कार्यक्रमको बजेटलाई तपसिल बमोजिमको शिर्षकमा खर्च गर्न सकिनेछः<br>बैठक व्यवस्थापनका लागि खाना खाजा, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, कार्यक्रम स्थल व्यवस्थापन, मसलन्द तथा स्टेशनरी लगायत विविध। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश , परियोजना व्यवस्थापन तथा समन्वय इकाई(PMCU) |
| ६. प्रगति सुचक | कार्य सम्पन्न प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सहित खर्चको भरपाई, बिल, फोटो/भिडियो लगायत सहभागीको विवरण सहित पेश गर्नुपर्नेछ। |

४. **कोशी प्रदेश पर्यटनका लागि ब्रान्ड एम्बेसडरहरू नियुक्त गर्ने**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२१९ | १ | पटक | १७५० | चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशको पर्यटन पहिचान र गन्तव्यहरूको व्यापक प्रचार-प्रसारका लागि प्रभावशाली व्यक्तित्व मार्फत पर्यटन क्षेत्रको ब्रान्ड प्रवर्द्धन गर्न आवश्यक छ। जसका लागि नेपालमा ख्याती प्राप्त गरेका विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई कोशी प्रदेशको पर्यटन क्षेत्रको विकास एवं प्रवर्द्धनका क्षेत्रमा जोड्न ब्राण्ड एम्बेस्ड मार्फत अघि बढ्न सहज हुन्छ तसर्थ यो कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • कोशी प्रदेशको पर्यटन ब्रान्ड तथा गन्तव्यको प्रचार गर्ने,<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्यटन आकर्षण बढाउने। |
| ३. अपेक्षित उपलब्धी | • उपयुक्त पर्यटन ब्रान्ड एम्बेसडर नियुक्त हुने,<br>• कोशी प्रदेशका पर्यटन गन्तव्यको प्रचार तथा पहुँचमा वृद्धि हुने। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|

| | |
|---|---|
| ४. कार्यन्वयन प्रक्रिया | • उपयुक्त तथा प्रभावशाली व्यक्तित्वको छनौटका लागि मापदण्ड मन्त्रालयबाट तय गर्ने,<br>• स्वीकृत मापदण्ड अनुसार सम्भावित व्यक्तित्व छनौट गरी नियुक्त गर्ने,<br>• छनौट भएका **ब्रान्ड एम्बेसडरहरू मार्फत** ब्रान्ड प्रवर्द्धनका लागि प्रचार अभियान तथा गतिविधि सञ्चालन गर्ने,<br>• यो कार्यक्रमको बजेटलाई तपसिल बमोजिमका शिर्षकमा खर्च गर्न सकिनेछ:<br>बैठक व्यवस्थापनका लागि खाना खाजा, बैठक भत्ता, विज्ञ परामर्श सेवा, मसलन्द तथा स्टेशनरी तथा ब्राण्ड एम्बेस्डर शुल्क, निजहरूको यातायात खर्च, Merchandise Items लगायत सम्झौता बमोजिमको खर्च। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश , परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU) |
| ६. प्रगति सुचक | सम्पन्न भएका गतिविधिहरूको प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सहित खर्चको भरपाई, बिल, फोटो/भिडियो, व्यक्तित्व छनौट लगायत भए गरेका गतिविधिहरूको विवरण पेश गर्नुपर्नेछ। |

## ५. चारैवटा ट्रेल साइटहरूमा होमस्टे दर्ता शिविर

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२० | १ | पटक | १०७० | सबै |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | होमस्टे दर्ता गर्ने कार्यालय सम्म पहुँच नपुगेका स्थानीय समुदायलाई दर्ता प्रक्रियामा जोड्न र गुणस्तरीय सेवा विस्तार गर्न प्रोत्साहन कोशीका चारवटा प्रमुख ट्रेल (मुन्दुम, लालिगुराँस, फाल्गुनन्द र चियाबारी) साइटहरूमा होमस्टे दर्ता तथा नविकरण गर्नको लागि यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | चार ट्रेल साइटमा होमस्टे दर्ता शिविर सञ्चालन गरी स्थानीय समुदायलाई औपचारिक दर्ता गरि अभिलेखिकरण गर्ने। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३. अपेक्षित उपलब्धी | • चारै साइटमा दर्ता शिविर सम्पन्न हुने,<br>• नयाँ दर्ता भएका होमस्टे संख्यामा वृद्धि हुने। | | | | | |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले सम्बन्धित पर्यटन कार्यालयको सहयोगमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी दर्ता तथा नविकरणका मिति तोक्ने,<br>• शिविर सञ्चालन गर्नु पुर्व दर्ता प्रक्रिया तथा नविकरणका सम्बन्धमा तोकिएका स्थानिय तह एवं सम्बन्धित पर्यटन कार्यालयसँगको समन्वयमा आवश्यक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>• सम्बन्धित कार्यक्षेत्र भएका पर्यटन कार्यालयलाई परिचालन गरी दर्ता शिविर सञ्चालन गर्ने,<br>• मन्त्रालयबाट कार्यक्रमको लागत अनुमान स्वीकृत गरी तपसिल बमोजिमका शिर्षकमा खर्च गर्न सकिनेछ:<br>➢ सहभागीको खाजा खाना तथा यातायात खर्च, मसलन्द सामग्री, पारिश्रमिक, सवारी साधन भाडा, दैनिक भ्रमण भत्ता लगायत आवश्यक खर्च। | | | | | |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश<br>• परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU),<br>• पर्यटन कार्यालयहरू,<br>• सम्बन्धित स्थानीय तहहरू। | | | | | |
| ६. प्रगति सुचक | • सञ्चालन भएका शिविर संख्या,<br>• नयाँ दर्ता तथा नविकरण भएका होमस्टे संख्या। | | | | | |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सहित खर्चको भरपाई, बिल, फोटो/भिडियो लगायत सहभागिता विवरण पेश गर्नु पर्नेछ। | | | | | |

**६. छापा र डिजिटल मिडियामा कोशी पदमार्ग गन्तव्यहरूको प्रचारात्मक विज्ञापन**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२१ | ८ | पटक | ८०० | सबै |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशका ट्रेल गन्तव्य तथा पर्यटन उत्पादनको पहुँच र प्रचारप्रसार बढाउन प्रिन्ट तथा डिजिटल मिडियाको प्रभावकारी प्रयोग गर्न आवश्यक भएकाले यो कार्यक्रम राखिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • कोशीका ट्रेल गन्तव्य तथा पर्यटन उत्पादनको व्यापक प्रचार गर्ने,<br>• सम्भावित पर्यटक तथा पर्यटन बजारमा गन्तव्यको पहुँच बढाउने। |
| ३. अपेक्षित उपलब्धी | • प्रिन्ट तथा डिजिटल मिडिया मार्फत ट्रेल गन्तव्यको प्रचार प्रसार हुने,<br>• गन्तव्य प्रति पर्यटकको जानकारी र रुचिमा वृद्धि हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • छापा तथ डिजिटल मिडिया मार्फत पर्यटन प्रवर्द्धनको सामग्रीका विषयवस्तु उत्पादन एवं प्रसारणका सम्बन्धमा लागत अनुमान, स्पेशिफिकेशन सहितको कार्यक्षेत्र शर्त मन्त्रालयबाट तयार गर्ने,<br>• उपयुक्त सेवा प्रदायकसँग प्रचलित प्रक्रिया अनुसार प्रस्ताव माग गर्ने,<br>• प्राप्त हुने प्रस्तावलाई प्रचलित खरिद कानून अनुसार छनौट गरी सम्झौता गर्ने,<br>• छनौट हुने सेवा प्रदायक संस्थाले सम्झौतानुसार पर्यटन प्रवर्द्धनका कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने,<br>• सम्झौतानुसार पर्यटन प्रवर्द्धनका सामग्रीहरू उत्पादन गरी प्रचार प्रसारण गर्ने गराउने,<br>• छापा र डिजिटल मिडिया मार्फत प्रसारण भएका सामग्रीको विवरण, समय लगायतका विषयमा सम्बन्धित निकायबाट प्रमाण समेत पेश गर्ने। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU),<br>• सम्बन्धित सेवा प्रदायक संस्था। |
| ६. प्रगति सुचक | छापा र डिजिटल मिडिया मार्फत प्रसारण भएका सामग्रीको विवरण। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सहित खर्चको भरपाई, बिल, फोटो/भिडियो लगायत प्रचार प्रसार सामग्री विवरण पेश गर्नु पर्नेछ। |

**७. TTDP ट्रेल्स र कोशी प्रदेशको लागि ब्रान्डिङ र मार्केटिङ रणनीति (ब्रान्डबुक) को शुभारम्भ**



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षकनं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२२ | १ | पटक | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | TTDP अन्तरगत निर्माण भइरहेका चारवटा ट्रेल तथा कोशी प्रदेशको पर्यटनलाई एकीकृत पहिचान र बजार प्रवर्द्धनका लागि स्पष्ट ब्रान्डिङ तथा मार्केटिङ रणनीति आवश्यक भएकाले यो कार्यक्रममा बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • TTDP ट्रेल तथा कोशी प्रदेशको पर्यटन ब्रान्डलाई स्थापित र प्रवर्द्धन गर्ने,<br>• एक रूप ब्रान्ड पहिचान र मार्केटिङ सामग्रीको प्रयोग सुनिश्चित गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • TTDP ट्रेल तथा कोशी प्रदेशका लागि Branding and Marketing Strategy/Brand Book सार्वजनिक हुने,<br>• पर्यटन प्रवर्द्धनका लागि साझा ब्रान्ड तथा प्रचार प्रसार सामग्रीका लागि आधार तयार हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • ब्रान्ड रणनीतिलाई अन्तिम रूप दिने: ब्रान्ड स्थिति, लक्षित बजार, ब्रान्ड प्रतिज्ञा, मुख्य सन्देशहरू सोलिमार इन्टरनेशनलले निर्धारण गर्ने र सञ्चार रणनीतिको समीक्षा र प्रमाणीकरण गर्ने<br>• सोलिमार इन्टरनेशनलले ब्रान्डिङ तथा मार्केटिङ रणनीति/Brand Book तयार गर्ने।<br>• ब्रान्डिङ तथा मार्केटिङ रणनीति/Brand Book स्वीकृत गर्ने।<br>• सम्बन्धित सरोकारवालासँग परामर्श तथा अभिमुखीकरण गर्ने।<br>• कार्यक्रम आयोजना गरी Brand Book सार्वजनिक र प्रयोगमा ल्याउने। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU),<br>• सम्बन्धित सेवा प्रदायक संस्था। |
| ६. प्रगति सुचक | Branding and Marketing Strategy/Brand Book तयार हुने |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षकनं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सहित खर्चको भरपाई, बिल, फोटो/भिडियो लगायत तयार हुने Branding and Marketing Strategy/Brand Book पेश गर्नु पर्नेछ। | | | | | |

## ८. संघीय सरकार, स्थानीय सरकार र सरोकारवालाहरूसँग पर्यटन संवाद

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२३ | ६ | पटक | १२०० | सबै |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पर्यटन विकासका योजना तथा कार्यक्रमहरूमा तीनै तहका सरकार र सरोकारवाला बीच समन्वय आवश्यक हुने भएकाले अन्तर सरकारी तथा बहु-सरोकारवाला संवाद कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | संघ, प्रदेश र स्थानीय तह तथा सरोकार वाला बीच पर्यटन विकास सम्बन्धी नीतिगत तथा कार्यगत समन्वय बढाउने। |
| ३. अपेक्षित उपलब्धी | • संवाद कार्यक्रम सम्पन्न हुने,<br>• पर्यटन नीति तथा कार्यक्रम निर्माण गर्न आधार तयार हुने,<br>• पर्यटन प्रवर्द्धनका क्षेत्रमा तीनै तहका सरकार बीच सम्बन्ध एवं समझदारी हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले आवश्यकतानुसार तोकेका स्थानमा पर्यटन संवाद कार्यक्रम तथा बैठक आयोजना गर्ने,<br>• तीनै तहका सरकार तथा सरोकारवाला पक्षसँग मन्त्रालयले सामूहिक वा फरक फरक संवाद कार्यक्रम तथा बैठक गर्नसक्ने,<br>• मन्त्रालयबाट कार्यक्रमको लागत अनुमान स्वीकृत गरी तपसिल बमोजिमका शिर्षकमा खर्च गर्न सकिनेछ:<br>सहभागीको खाजा खाना तथा यातायात खर्च, मसलन्द सामग्री, पारिश्रमिक, सवारी साधन भाडा, बैठक भत्ता, दैनिक भ्रमण भत्ता लगायत आवश्यक खर्च। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| | • परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU), | | | | | |
| ६. प्रगतिसुचक | आयोजना भएको संवाद कार्यक्रमको प्रगति प्रतिवेदन। | | | | | |
| ७. प्रतिवेदनप्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र कार्य सम्पन्न प्रतिवेदन सहित खर्चको भरपाई, बिल, फोटो/भिडियो लगायत सहभागिता विवरण पेश गर्नु पर्नेछ। | | | | | |

**९.परियोजना कार्यालय सञ्चालन खर्च**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२४ | १२ | महिना | १००० | सबै |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | ट्रेल/पदमार्ग पर्यटन प्रवर्द्धनसँ गसम्बन्धित क्रियाकलापहरूको दैनिक कार्यसञ्चालन, समन्वय र अनुगमनका लागि TTDP अन्तरगत PMCU को नियमित सञ्चालन खर्च व्यवस्थापन गर्न यो शीर्षकमा बजेट विनियोजन गरिएकोहो। |
| २. कार्यक्रमको उद्देश्य | TTDP अन्तरगत PMCU को नियमित सञ्चालन सुनिश्चित गरी सम्बन्धित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने। |
| ३. अपेक्षित उपलब्धी | नियमित कार्यालय सञ्चालन हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | नियमित कार्यालय सञ्चालन गर्न तपसिल बमोजिमका प्रशासनिक खर्चहरूमा प्रचलित ऐन, नियमानुसार भुक्तानीगर्ने:<br>• मसलन्द सामग्री व्यवस्थापन,<br>• दैनिक ज्यालादारीमा जनशक्ति व्यवस्थापन,<br>• बैठक, दैनिक भ्रमण, इन्धन, सवारी साधन भाडा, मर्मत खर्च, सेवा परामर्श, विविध (अतिथि सत्कार, खाजा खानाआदि) लगायत दैनिक कार्यालय व्यवस्थापनका खर्च। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU), |
| ६. प्रगति सुचक | नियमित रूपमा कार्यालय संचालन। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ७. प्रतिवेदन प्रणाली | भौतिक तथा वित्तीय प्रगति विवरणमा समावेश गरी नियमानुसार सम्बन्धित निकायमा पठाउने। | | | | | |

## १०. अनुगमन तथा निरीक्षण

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२५ | ८ | पटक | ५०० | सबै |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | TTDP अन्तरगतका भइरहेका निर्माण कार्य तथा प्रवर्द्धनात्मक कार्यक्रमहरूको नियमित स्थलगत अनुगमन तथा निरीक्षण एवं सम्भावित पर्यटकीय गन्तव्यहरूको अनुगमन निरीक्षण गर्न यो कार्यक्रममा बजेट विनियोजन गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | परियोजना अन्तरगतका निर्माण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरूको कार्यान्वयन स्थिति र सम्भावित पर्यटकीय गन्तव्यहरूको स्थलगत रूपमा अनुगमन तथा निरीक्षण गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • नियमित अनुगमन भ्रमण सम्पन्न हुने,<br>• अनुगमनबाट पहिचान भएका सुझाव कार्यान्वयन हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयको आदेशानुसार तोकिए बमोजिमका क्षेत्रको नियमित स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गर्ने,<br>• विनियोजित बजेटबाट तपसिलका शिर्षकमा खर्च गर्न सकिनेछः<br>दैनिक भ्रमण खर्च, सवारी साधन भाडा, ढुवानी खर्च, अनुगमन भत्ता, अनुगमन गरिने क्षेत्रमा समयानूकल आवश्यक पर्ने सुरक्षा सामग्री तथा विविध खर्च। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. प्रगति सुचक | अनुगमन प्रतिवेदन। |

## ११. कोशी प्रदेशका १४ वटै जिल्लाको ट्राभल बुक प्रकाशन



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२२६ | २ | प्याकेज | २८०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशका सम्पूर्ण १४ जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यहरूलाई एकीकृत रूपमा चिनाउने सन्दर्भ सामग्रीको अभाव रहेकाले सम्पूर्ण जिल्लाको पर्यटकीय गन्तव्यको परिचय तथा विवरण समेटिने ट्राभल बुक प्रकाशन गर्ने प्रयोजनका लागि यो बजेट तथा कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमकोउद्देश्य | कोशीप्रदेशका१४वटैजिल्लाकाप्रमुख पर्यटकीय गन्तव्यको प्रोफाइलसमेटिएकोट्राभलबुकतयारगरीप्रकाशनगर्ने। |
| ३. अपेक्षित उपलब्धी | • १४ वटै जिल्लाका फरक फरक पर्यटकीय क्षेत्र एवं गन्तव्यको ट्राभल बुक सामग्री संकलन र मुद्रण सम्पन्न भएको हुने, |
| ४. कार्यन्वयन प्रक्रिया | • ट्राभल बुकका सामग्री संकलन एवं प्रकाशन गर्न दुई प्याकेज सहितको लागत अनुमान तयार गरिनेछ,<br>• तयार गरिएको लागत अनुमान सहित कार्यक्षेत्रगत शर्त तोकी प्रचलित खरिद ऐन, नियमानुसार कार्य गर्न खरिद सम्झौता गरिनेछ,<br>• विनियोजित बजेटलाई तपसिल बमोजिमका शिर्षकमा खर्च गरिनेछ:<br>➢ १४ जिल्लाको प्रमुख एवं सम्भावित पर्यटकीय गन्तव्य, क्षेत्रको पहिचानका हुने सामग्री संकलन,(पहिलो प्याकेज)<br>➢ उल्लिखित बजेट कार्यान्वयनका लागि तयार गरिने TOR एवं संकलित सामग्रीको सम्पादन लगायतका कार्य गर्न विज्ञ परामर्श सेवा खरिद,(पहिलो प्याकेज)<br>➢ संकलित सामग्रीलाई सम्पादन तथा ट्राभल बुक प्रकाशन,(दोस्रो प्याकेज)<br>➢ प्रकाशित सामग्री वितरण, |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU), |
| ६. प्रगति सुचक | • संकलित सामग्रीको विवरण,<br>• प्रकाशित सामग्रीको विवरण। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ७. प्रतिवेदन प्रणाली | गरिएको सम्झौता बमोजिमका शर्तानुसार तोकिएको अवधिभित्र खर्चको बिजक/भरपाई प्रमाण, फोटो/भिडियो विवरण सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १२. डिजिटल मार्केटीङ सम्वन्धी तालिम कार्यक्रम

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०० १३०११ | २२५ २२ | २.५.११.२२७ | १ | पटक | १३०० | चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रम को पृष्ठभुमी | पर्यटन व्यवसायी तथा सरोकारवालाहरूमा डिजिटल प्रविधिको प्रयोग गरी गन्तव्य प्रवर्द्धन गर्ने सीपको अभाव देखिएकाले क्षमता विकासका लागि डिजिटल मार्केटिङ तालिम कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रम कोउद्देश्य | पर्यटन व्यवसायी/सरोकारवालाहरूलाई डिजिटल मार्केटिङ सीपमा तालिम प्रदान गरी गन्तव्य स्व-प्रवर्द्धन क्षमता अभिवृद्धि गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • तालिम सम्पन्न भएको हुने |
| ४. कार्यन्वयन प्रक्रिया | मन्त्रालयले योग्य तालिम दाता तोकी पाठ्यक्रम तयार गर्ने, इच्छुक व्यवसायी/सरोकारवाला छनोट गरी तालिम सञ्चालन गर्ने। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• परियोजना व्यवस्थापन तथा समन्वय इकाई (PMCU), |
| ६. प्रगति सुचक | • तालिम सहभागी संख्या<br>• सम्पन्न तालिम सत्र संख्या |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र खर्चको बिजक/भरपाई प्रमाण, फोटो/भिडियो र सहभागिता विवरण सहितको कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयको योजना तथा अनुगमन शाखामा पेश गर्नुपर्ने। यसको भौतिक तथा वित्तीय प्रगति मासिक र त्रैमासिक प्रगति विवरणमा |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | समावेश गरी नियमानुसार प्रदेश नीति तथा योजना आयोग रआर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइनेछ। |

## १३. डिजिटल डिस्प्ले बोर्ड व्यवस्थापन तथा सुदृढीकरण

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | ३११२२ | ११.३.२२.२८ | १ | वटा | २०० | पहिलो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमकोपृष्ठभुमी | मन्त्रालयबाट विभिन्न समयमा निर्माण भएका पर्यटकिय डिजिटल सामग्रीहरुको नियमित र व्यवस्थित ढंगलेप्रदर्शनगर्न तथा विभिन्न सुचनाहरु प्रवाह गर्नको लागिमन्त्रालयले मन्त्रालयले तोकेको स्थानमाजडान गर्नको लागि यो बजेट तथा कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | डिजिटल डिस्प्ले बोर्डको व्यवस्थापन तथा सुदृढीकरण गरी पर्यटकिय गन्तव्यको प्रदर्शन तथा पर्यटकीय सूचना प्रवाहलाई प्रभावकारी बनाउने। |
| ३. अपेक्षित उपलब्धी | • डिस्प्ले बोर्डको सुचारु रूपमा सञ्चालन हुने,<br>• पर्यटकीय सूचना तथा जानकारी तथा डिजिटल सामग्री नियमित सम्प्रेषण हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • डिस्प्ले बोर्डको स्पेशिफिकेशन र लागत अनुमान तयार गर्ने<br>• लागत अनुमानको आधारमा प्रचलित खरिद ऐन तथा नियम बमोजिम खरिद गर्ने<br>• मन्त्रालयले तोकेको स्थानमा डिजिटल डिस्प्ले जडान गर्ने । |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश। |
| ६. प्रगति सुचक | • डिस्प्ले खरिद भइ जडान भएको,<br>• डिस्प्ले बोर्ड सञ्चालनमा आएको। |
| ७. प्रतिवेदन प्रणाली | डिस्प्ले बोर्ड खरिद सहित सूचना सम्प्रेषण भएको खर्चको बिजक/भरपाई प्रमाण, फोटो/भिडियो विवरण सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १४. पर्यटकिय क्षेत्रमा बालवालिका लागि बाल बगैचा उद्यानका लागि खेल सामाग्री

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | ३११२२ | ११.३.२२.२९ | १ | पटक | १२०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पारिवारिक पर्यटनलाई प्रोत्साहन गर्न र पर्यटकीय क्षेत्रलाई बाल मैत्री बनाउन बाल उद्यानहरूमा खेल सामग्री जडान गर्नेउद्देश्यले यो बजेट तथा कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | छनोट भएको पर्यटकीय क्षेत्रको बालबगैंचा/उद्यानमा खेल सामग्री जडान गरी बाल मैत्री पर्यटकीय संरचना निर्माण हुने। |
| ३. अपेक्षित उपलब्धी | • खेल सामग्री खरिद तथा जडान सम्पन्न हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले सम्बन्धित स्थानीय तह/निकायसँग समन्वय गरी स्थान पहिचान गर्ने,<br>• प्रचलित खरिद प्रक्रिया अनुसार खेल सामग्री खरिद गरी सम्बन्धित स्थानीय तह वा सम्बन्धित संस्थालाई सामग्री हस्तान्तरण गर्ने। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश। |
| ६. प्रगति सुचक | • जडान भएका खेल सामग्री संख्या,<br>• लाभान्वित उद्यान संख्या। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात खर्चको बिल/भरपाई, सामग्री जडान गरिएको क्षेत्रको फोटो वा भिडियो र हस्तान्तरण सहितको विवरण पेश गर्नु पर्नेछ। |

## १५. पर्यटन कार्यालय, हर्कपुर, ओखलढुंगा

| बजेट उपशिर्षकनं | खर्च शीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | ३१५११ | ११.६.१२.१ | १ | वटा | १००० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | सगरमाथा करिडोर क्षेत्रका पर्यटकीय गतिविधिलाई नजिकबाट सेवादिन हर्कपुरमा पर्यटन कार्यालय स्थापना गर्नु पर्ने आवश्यकता महसुस भई यो शिर्षकमा बजेट तथा कार्यक्रम राखिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | हर्कपुर, ओखलढुंगामा पर्यटन कार्यालय स्थापनाका लागि आवश्यक पूर्वतयारी अगाडिब ढाउने। |
| ३. अपेक्षित उपलब्धी | • कार्यालय स्थापनाका लागि आवश्यक पूँजीगत सामग्री ख़रिद हुने, |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षकनं | खर्च शीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| | • नियमित रूपमा कार्यालय संचालनमा सहजता हुने। | | | | | |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यालय स्थापनाको निर्णय भएपश्चात कार्यालय व्यवस्थापनका लागि आवश्यक खर्च शिर्षकमा बजेट बाँडफाँट गरी प्रचलित खरिद कानून अनुसार पूँजीगत सामग्री खरिद गरिनेछ, | | | | | |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय/ सम्बन्धित स्थापित कार्यालय,कोशी प्रदेश। | | | | | |
| ६. प्रगति सुचक | कार्यालय स्थापना भई सामग्री खरिद भएको। | | | | | |
| ७. प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न भए पश्चात खर्चको बिल भरपाई, जिन्सी प्रतिवेदनहरू पेश गर्नु पर्नेछ। | | | | | |

**१६. कोशी प्रदेशका प्रमुख "धार्मिक परिपथ" तथा धार्मिक स्थलहरूको विस्तृत अध्ययन**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | ३११३५ | ११.६.१६.१ | १ | वटा | १००० | |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | प्राचिन ग्रन्थहरुमा उल्लिखित कोशी प्रदेशमा रहेका धार्मिक तथा आध्यात्मिक स्थलहरूलाई धार्मिक परिपथमा जोड्ने आधार तयार गर्न उक्त धार्मिक स्थलहरूको अध्ययन गर्नुपर्ने भएकाले यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | कोशी प्रदेशका प्रमुख "धार्मिकपरिपथ" तथा धार्मिक स्थलहरूको विस्तृत अध्ययन सम्पन्न गरी भावी योजना तथा लगानी कज्ञ निर्णयका लागि आधार तयार गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • विस्तृत अध्ययन प्रतिवेद नतयार हुने<br>• पहिचा नभएका सम्भाव्य क्षेत्र/स्थलहरूको सूची तयार हुने |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले कार्यक्षेत्रगत शर्त तयार गरि योग्यता प्राप्त परामर्शदाता/विज्ञ लाई प्रचलित सार्वजनिक खरिद प्रक्रिया अनुसार छनो टगर्ने,<br>• सम्भावित धार्मिक परिपथमा पर्न सक्ने धार्मिक स्थलहरूको पहिचान तथा धार्मिक किम्बदन्ती संकलन तथा विश्लेषण गराई अन्तिम प्रतिवेदन तयार गर्ने। |



डा. ईन्द्र प्रसाद सापट
प्रदेश सचिव

| | |
|---|---|
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश |
| ६. प्रगति सुचक | अध्ययन प्रतिवेदन सम्पन्न भएको |
| ७. प्रतिवेदन प्रणाली | सम्झौता बमोजिमको कार्य सम्पन्न पश्चात खर्चको बिल/भरपाई, फोटो, भिडियो, अध्ययनका आधार, छलफल कार्यक्रमको सहभागिता विवरण लगायतको कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने। |

## १७. संभावित हिल स्टेशनहरूको पुर्व सम्भाव्यता अध्ययन

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | ३११३५ | ११.६.१६.२ | १ | वटा | १००० | पहिलो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमकोपृष्ठभुमी | आरोग्य पर्यटन विकासको आधार तयार गर्न कोशी प्रदेशका सम्भावित हिल स्टेशन गन्तव्य पहिचानका लागि आधार तयार गर्न भरपर्दो तथ्याङ्क तथा प्राविधिक विश्लेषण आवश्यक हुने भएकाले यो अध्ययन कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | संभावित हिल स्टेशनहरूको पुर्व सम्भाव्यता अध्ययन सम्पन्न गरी आरोग्य पर्यटन विकासको आधार तयार गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • अध्ययन प्रतिवेदन तयार हुने<br>• पहिचान भएका सम्भाव्य स्थलहरूको सूची तयार हुने |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले कार्यक्षेत्रगत शर्त तयार गरि योग्यता प्राप्त परामर्शदाता/विज्ञलाई प्रचलित सार्वजनिक खरिद प्रक्रिया अनुसार छनोट गर्ने,<br>• क्षेत्रगत तथ्याङ्क संकलन तथा विश्लेषण गराई अन्तिम प्रतिवेदन तयार गर्ने। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश |
| ६. प्रगति सुचक | • अध्ययन प्रतिवेदन सम्पन्न भएको |
| ७. प्रतिवेदन प्रणाली | सम्झौता बमोजिमको कार्य सम्पन्न पश्चात खर्चको बिल/भरपाई, फोटो, भिडियो, अध्ययनका आधार, छलफल कार्यक्रमको सहभागिता विवरण लगायतको कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने। |

## १८. पर्यटन सम्वन्धी अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान-प्रदान कार्यक्रम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१४३ | १ | पटक | ५०० | प्रथम |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको अन्तरप्रदेशस्तरमा प्रचार-प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा अन्यप्रदेशका सफल पर्यटन अभ्यासको सिकाई र भएका असल क्रियाकलापहरुको अनुभव आदान प्रदान गर्न यो शिर्षकमा बजेट तथा कार्यक्रम विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रचार-प्रसार तथा अन्यप्रदेश सँग पर्यटन विकास सम्बन्धी अनुभव तथा असल अभ्यास आदान प्रदान गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • अन्तर प्रदेश भ्रमण सम्पन्न हुने,<br>• सिकाइ/सुझाव सहितको प्रतिवेदन तयार हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले भ्रमण गन्तव्य र कार्यसूची तय गरी सम्बन्धित प्रदेश निकाय सँग समन्वय गर्ने र प्रतिनिधिमण्डल खटाउने।<br>• मन्त्रालयले कार्यसूची र लागत अनुमानका आधारमा विनियोजित बजेटलाई तपसिलका शिर्षकमा खर्च गर्न निर्णय गर्ने:<br>अन्तरक्रिया कार्यक्रम/बैठकको व्यवस्थापन खर्च,मसलन्द तथा स्टेशनरी खर्च,खाना खाजा खर्च, दैनिक भ्रमण भत्ता, सवारी साधन भाडा, इन्धन खर्च, प्रतिवेदन तयारी लगायत आवश्यक शिर्षकमा। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश। |
| ६. प्रगति सुचक | • स्वीकृत आदेशानुसार भ्रमण सम्पन्न भएको,<br>• अनुभवन तथा सिकाइ प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिनभित्र खर्चको बिल/भरपाई, फोटो/भिडियो र सहभागिता विवरण सहितको कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

**१९. प्रचार प्रसार सामाग्री खरिद (टिसर्ट, टोपी, झोला, मायाको चिनो लगायत)**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१५४ | १ | सेट | ७०० | चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशमा पहिचान भएका तथा सम्भावित पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार तथा गन्तव्य ब्रान्डिङ बलियो बनाउन प्रचारात्मक सामग्री (टिसर्ट, |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | टोपी, झोला, उपहारसामग्री, ब्रोसर आदि) आवश्यक हुने भएकाले यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | प्रचारात्मक सामग्री खरिद गरी वितरण गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • प्रचारात्मक सामग्रीखरिदतथा वितरण सम्पन्न हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले आवश्यक परिमाण/डिजाइन तय गरी प्रचलित खरिद प्रक्रिया अनुसार खरिद गर्ने र वितरण गर्ने। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशीप्रदेश। |
| ६. प्रगति सुचक | • खरिद भएको सामग्री विवरण,<br>• खरिद सामग्रीको वितरण सहितको जिन्सी प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खर्चको बिल तथा भरपाई विवरण सहितको जिन्सी प्रतिवेदन मन्त्रालयमा पेश गरिनेछ। |

## २०. कोशी प्रदेश निजामती कर्मचारीको सहभागितामा हिमाल आरोहण

| बजेटउपशिर्षकनं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१५५ | १ | पटक | ९०० | पहिलो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | साहसिक पर्यटन प्रति कोशी प्रदेशका निजामती कर्मचारीको अभिरुचि र क्षमता अभिवृद्धि गर्दै हिमाल आरोहणलाई प्रोत्साहन गर्न कर्मचारीको सहभागितामूलक हिमाल आरोहण शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | कोशीप्रदेशकानिजामतीकर्मचारीहरूकोसहभागितामाहिमालआरोहणसञ्चालनगरीसाहसिकपर्यटनलाईप्रवर्द्धनगर्ने। |
| ३. अपेक्षित उपलब्धी | • आरोहण अभियानलाई सम्पन्न गरिने,<br>• सहभागी कर्मचारीमा साहसिक पर्यटन प्रति अनुभव तथा सचेतना अभिवृद्धि हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले कोशी प्रदेशमा रहेका (६०००मिटर माथिका)आरोहण हुने हिमालको छनौट गर्ने,<br>• तोकिएको हिमाल आरोहणमा सहभागी हुन इच्छुककर्मचारीहरूका लागि सार्वजनिक सूचना आह्वान गर्ने, |

| | |
|---|---|
| | • प्राप्त हुने निवेदनका आधारमा मन्त्रालयले तोकेको मापदण्ड अनुसार हिमाल आरोहण गर्ने कर्मचारी छनौट गर्ने,<br>• छनौट हुने कर्मचारीलाई स्वास्थ्य सम्बन्धी स्वघोषणा तथा मञ्जुरीनामा गराउने,<br>• हिमाल आरोहण गराउने सेवा प्रदायक संस्था(इजाजत प्राप्त ट्रेकिङ्ग कम्पनी)को छनौटका लागिलागत अनुमान सहित कार्यक्षेत्रगत शर्त तोकीप्रचलित खरिद ऐननियम अनुसार गर्ने,<br>• छनौट भएको हिमाल आरोहण गराउने संस्था मार्फत आवश्यक तालिम/तयारीगराउने, आवश्यक सामग्री व्यवस्थापन गर्ने र गाइड सँगको समन्वयमा आरोहण अभियान सञ्चालन गर्ने,<br>• मन्त्रालयले तोकेको प्रतिनिधि मार्फतहिमाल आरोहणको पूर्व तयारी र आरोहण प्रगतिबारे स्थलगत अनुगमन गर्न सक्नेछ<br>• यस कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने खर्च समेत यसै विनियोजित बजेटबाट गर्न सकिनेछ, |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, छनौट भएको ट्रेकिङ्ग कम्पनी तथा हिमाल आरोहण गर्ने कर्मचारी। |
| ६. प्रगति सुचक | • हिमाल आरोहणमा सहभागी हुने कर्मचारी विवरण,<br>• आरोहण सम्पन्न भए पश्चात सेवा प्रदायक संस्थाबाट प्राप्त हुने प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र खर्चको बिल/भरपाई, हिमाल आरोहणको पूर्व तयारीका क्रियाकलाप, हिमाल आरोहणको फोटो/भिडियो र सहभागिता विवरण सहितको कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## २१. पर्यटकीय गन्तव्यको QR कोड प्रणाली निर्माण/ स्तरोन्नती

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
**४३. भ्रमण वर्ष अन्तर्गतका कार्यक्रमहरुको अनुगमन भ्रमण खर्च**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२६११ | २.८.१.१२ | ४ | पटक | १००० | तेस्रो |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | भ्रमण वर्ष अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमहरू योजना अनुरूप कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न नियमित अनुगमन भ्रमण आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो। |
| १. कार्यक्रमको उद्देश्य | भ्रमण वर्ष अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन स्थिति स्थलगत रूपमा अनुगमन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको लागि अनुगमन भ्रमण हुने |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालय वा मातहतका कार्यालयबाट संचालन भएका कार्यक्रम तथा अन्य निकायमा हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यक्रम स्थलको अनुगमनको लागि भ्रमण आदेश स्विकृत गर्ने<br>• स्विकृत भ्रमण आदेश बमोजिमको तोकिएको मिति र समयमा तोकिएका व्यक्तिबाट अनुगमन हुने<br>• अनुगमन पश्चात कार्यक्रम कार्यन्वयनको समग्र अवस्था बारेमा प्रतिवेदन पेश गर्ने ।<br>• मन्त्रालयलाई आवश्यकता महशुस भएमा मन्त्रालय बाहिरका विज्ञबाट समेत अनुगमन गराउन सक्ने र उक्त विज्ञको भ्रमण खर्च समेत भुक्तानी गर्न सक्ने<br>• यस खर्च शिर्षकबाट तपशिल बमोजिमको खर्च भुक्तानी गर्न सक्ने<br>➢ दैनिक भ्रमण खर्च, सवारी साधन भाडा, परामर्श खर्च, खाना-खाजा तथा वास खर्च लगायत । |
| ५.जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश |
| ६.प्रगति सुचक | • सम्पन्नअनुगमनभ्रमणसंख्या<br>• पेश भएका अनुगमन प्रतिवेदन |
| ७.प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिनभित्र खर्चको प्रमाण, बिल/भरपाई, भ्रमण प्रतिवेदन,फोटो/भिडियो लगायतको कागजात पेश गर्नुपर्ने । |

## ४४. पर्यटन कार्यालय, हर्कपुर, ओखलढुंगा

| बजेट उपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २८९११ | ८.१.९.१ | १ | वटा | ८००० | प्रथम |

| शिर्षक | विवरण |
|---|---|



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| १.कार्यक्रमको पृष्ठभुमी | सगरमाथा करिडोर क्षेत्रका पर्यटकीय गतिविधिलाई नजिकबाट सेवा दिन हर्कपुरमा पर्यटन कार्यालय स्थापना गर्नुपर्ने आवश्यकता महसुस भई यो शिर्षकमा बजेट तथा कार्यक्रम राखिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | हर्कपुर, ओखलढुंगामा पर्यटन कार्यालय स्थापनाका लागि आवश्यक पूर्वतयारी अगाडि बढाउने। |
| २. अपेक्षित उपलब्धी | • कार्यालय स्थापना तथा सञ्चालनका लागि आवश्यक चालु खर्च व्यवस्थापन हुने,<br>• नियमित रूपमा कार्यालय संचालनमा सहजता हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यालय स्थापनाको निर्णय भएपश्चात कार्यालय व्यवस्थापनका लागि आवश्यक चालु खर्च शिर्षकमा बजेट बाँडफाँट गरी प्रचलित कानून अनुसार खर्च गरिने । |
| ३. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• सम्बन्धित स्थापित कार्यालय, कोशी प्रदेश। |
| ४. प्रगति सुचक | • कार्यालय स्थापना भई सञ्चालन भएको हुने। |
| ७. प्रतिवेदन प्रणाली | • खर्चको प्रतिवेदन, बिल भरपाई, जिन्सी प्रतिवेदनहरू । |

**४५. नेपाल पत्रकार महासंघ मोरङ, शाखा (विहार,युपी तथा सीमा क्षेत्रका पत्रकार संग पर्यटन क्षेत्रको प्रचार प्रसार)**

| बजेटउपशिर्षकनं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०१ १ | २२५२२ | २.५.११.२३ ८ | ३ | पटक | १००० | दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| **१. कार्यक्रमको पृष्ठभुमी** | नेपाल पत्रकार महासंघ मोरङ, शाखाको समन्वय/ सहयोगमा विहार,युपी तथा सीमाक्षेत्रका पत्रकार संग कोशी प्रदेशको पर्यटन क्षेत्रको प्रचार प्रसार एवं प्रवर्द्धन गर्ने कार्यका लागि यो कार्यक्रमको आवश्यकता महशुस गरी बजेट विनियोजन गरिएको छ। |
| **२. कार्यक्रमको उद्देश्य** | विहार,युपी तथा सीमा क्षेत्रका पत्रकारसंगको समन्वय मार्फत कोशी प्रदेशको पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने। |
| **३. अपेक्षित उपलब्धी** | • कार्यक्रम मार्फत कोशी प्रदेशका पर्यटकीय स्थल हरूको ब्राण्डिङमा मद्दत पुग्ने,<br>• भारतमा कोशी प्रदेशको पर्यटन क्षेत्रको प्रचार प्रसार हुने। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले कार्यक्रम अवधारणापत्र, कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने,<br>• नेपाल पत्रकार महासंघसँग कार्यक्रमको लागत अनुमान सहितको प्रस्ताव माग गर्ने,<br>• विहार,युपी तथा सीमा क्षेत्रका पत्रकारहरूको सहभागितामा नेपाल पत्रकार महासंघ मोरङले फरक फरक स्थानमा कम्तीमा ३वटा कार्यक्रम संचालन गर्न सम्झौता गर्ने,<br>• कार्यक्रम स्थल समय र मिति लगायतको विषय मन्त्रायलको समन्वयमा नेपाल पत्रकार महासंघ मोरङले तय गर्ने,<br>• महासंघले प्रचलित खरिद कानून तथा सार्वजनिक खर्चको मापदण्ड भित्र रही कार्यक्रमसञ्चालनगर्ने गराउने,<br>• मन्त्रालयबाट कार्यक्रमको अनुगमन हुने,<br>• यस कार्यक्रम कार्यान्वयन गर्दा तपसिलका शिर्षकमा खर्च गर्न सकिनेछ:<br>कार्यक्रमस्थल व्यवस्थापन,खाना, खाजा तथा होटल वास, यातायात, मसलन्द तथा स्टेशनरी खर्च, प्रचार प्रसार, सवारी भाडा, इन्धन,कार्यपत्र प्रस्तुतिकरण,प्रतिवेदन तयारी। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• नेपाल पत्रकार महासंघ, मोरङ्ग शाखा |
| ६. प्रगति सुचक | कार्यक्रम संचालन भएको, कार्यसम्पन्न प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र खर्चको बिल/भरपाई, फोटो/भिडियो सहभागिता विवरण सहितको कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

४६. पर्यटन प्रचार प्रसारका लागी घुमौ कोशी कार्यक्रम (नेपाल पत्रकार महासंघ कोशी प्रदेश)

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०११ | २२५२२ | २.५.११.२४० | १ | पटक | १००० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशको पर्यटकीय गन्तव्यहरूलाई राष्ट्रिय एवं अन्तराष्ट्रियस्तरमा पहिचान एवं प्रवर्द्धन गर्न व्यापक रूपमा प्रचार प्रसार गर्नुपर्ने हुन्छ। प्रचार प्रसारका विभिन्न माध्यम मध्ये पर्यटनका क्षेत्रमा कलम चलाउने र चलाएका संचार क्षेत्रका विषयगत प्रतिनिधिहरू मार्फत समेत गर्न सकिने भएको हुँदा |

डा. ईन्द्र प्रसाद सा
प्रदेश सचिव

| | |
|---|---|
| | उक्त कार्यका लागि नेपाल पत्रकार महासंघ कोशी प्रदेशको सहयोग एवं समन्वयमा गर्न यस कार्यक्रममा बजेट विनियोजन गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • कोशी प्रदेशको पर्यटकीय गन्तव्यहरूको व्यापक प्रचार प्रसार गर्ने,<br>• प्रचार प्रसार मार्फत आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि गराउने। |
| ३. अपेक्षित उपलब्धी | • कार्यक्रम मार्फत प्रदेशका पर्यटकीय स्थलहरूको प्रचार प्रसार एवं ब्रान्डिङमा मद्दत पुग्नेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • घुमौं कोशी कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले भ्रमण गरिने कोशी प्रदेश भित्रका पर्यटकीय क्षेत्रको पहिचान गर्ने,<br>• उक्त पर्यटकीय स्थलको प्रचार सामग्री तयार गर्न नेपाल पत्रकार महासंघ कोशी प्रदेशको सहयोग र समन्वयमा गर्ने,<br>• भ्रमण टोलीमा सहभागी हुनेहरूको छनौट कर्मचारी प्रतिनिधिको हकमा मन्त्रालयले गर्ने र पर्यटनका क्षेत्रमा कलम चलाउने एवं चलाएका संचार क्षेत्रका विषयगत प्रतिनिधिहरू छनौट नेपाल पत्रकार महासंघ कोशी प्रदेशले गरे अनुसार हुने,<br>• कार्यक्रम कार्यान्वयनका लागि कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान मन्त्रालयबाट तयार गरी स्वीकृत गराउने,<br>• भ्रमणको क्रममा पर्यटकीय स्थल रहेको सम्बन्धित स्थानीय तह बीच विषयगत छलफल एवं अन्तरक्रिया समेत गर्न सकिनेछ,<br>• भ्रमण गरिएका पर्यटकीय क्षेत्र/स्थलको भिडियो तथा फोटो संकलन गरी अभिलेखिकरण गर्ने साथै आफू कार्यरत संचार माध्यमबाट प्रकाशन प्रसारण गर्नु गराउनु पर्नेछ,<br>• यस कार्यक्रम अन्तरगत संकलित सामग्रीहरूलाई सन्दर्भ सामग्रीका रूपमा आवश्यकतानुसार मन्त्रालयले प्रयोग गर्न सक्नेछ,<br>• उल्लिखित बजेटलाई प्रचलित खरिद कानून, सार्वजनिक खर्चको मापदण्ड अनुसार तपसिलको शिर्षकमा गर्न सकिनेछ:<br>तयारी बैठक व्यवस्थापन, खाना खाजा,सेवा परामर्श खर्च, दैनिक भ्रमण एवं बास, सवारी साधन भाडा, प्रचार सामग्री निर्माण, प्रतिवेदन तयारीलगायत विविध। |
| ५. जिम्मेवार निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश |
| ६. प्रगति सुचक | कार्यक्रम संचालन भएको,<br>कार्यसम्पन्न प्रतिवेदन। |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रमसम्पन्नभएपश्चातखर्चकोबिल/भरपाई,<br>फोटो/भिडियोसहभागिताविवरणसहितकोकार्यक्रमसम्पन्नप्रतिवेदनमन्त्रालयमापेश गर्नुपर्नेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

४७. पर्यटन प्रवर्द्धनका लागि वातावरणीय क्षेत्रमा पहाडको प्रभावबारे पत्रकारहरूलाई अभिमुखीकरण कार्यक्रम (पत्रकार महासंघ ओखलढुंगा मार्फत)

| बजेटउपशिर्षकनं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०१ १ | २२५२२ | २.५.११.२५ ० | १ | पटक | ५०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशका ओखलढुंगा लगायत पहाडी जिल्लाहरू प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक सम्पदाका कारण पर्यटकीय दृष्टिले उच्च सम्भावना बोकेका क्षेत्र हुन्। तर जलवायु परिवर्तन, वन विनाश, भूक्षय, अव्यवस्थित पूर्वाधार निर्माण जस्ता वातावरणीय समस्याले यी क्षेत्रको पर्यटकीय आकर्षण र दिगोपनमा प्रत्यक्ष असर पारिरहेका छन्। यस्ता विषयलाई तथ्यमा आधारित र जिम्मेवार ढंगले सर्वसाधारण, नीति निर्माता र सरोकारवालासम्म पुऱ्याउन स्थानीय पत्रकारको भूमिका महत्वपूर्ण हुन्छ। तसर्थकोशी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि वातावरणीय क्षेत्रमा पहाडको प्रभावबारे पत्रकारहरूलाई विषयगत ज्ञान र सीप प्रदान गर्न आवश्यकता महशुस गरी यस किसिमको अभिमुखीकरण कार्यक्रम राखिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • दिगो प्रवर्द्धनमा (टुरिजम-इको) वातावरणमैत्री पर्यटन/पत्रकारिताको भूमिका बुझाउने,<br>• वातावरण र पहाडी भू परिदृश्यले पर्यटनमा पार्ने प्रभावबारे- पत्रकारहरूको ज्ञान र रिपोर्टिङ क्षमता अभिवृद्धि गर्ने,<br>• पहाड र वातावरणबीचको अन्तरसम्बन्ध स्पष्ट पार्ने। |
| ३. अपेक्षित उपलब्धी | • पत्रकारमा वातावरण- पर्यटन अन्तर सम्बन्धबारे ज्ञान अभिवृद्धि हुने,<br>• तथ्यमा आधारित, गुणस्तरीय समाचाररिपोर्ट उत्पादनमा वृद्धि/ हुने,<br>• दिगो पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने सामग्री प्रकाशनप्रसारण/ हुने,<br>• विज्ञ, स्थानीय तह र पत्रकारबीच सहसम्बन्ध स्थापित हुने। |
| ४. कार्यन्वयन प्रक्रिया | • मन्त्रालयले कार्यक्रम अवधारणापत्र, कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने,<br>• पत्रकार महासंघ ओखलढुंगासँग कार्यक्रमको लागत अनुमान सहितको प्रस्ताव माग गर्ने,<br>• कार्यक्रममा ओखलढुंगा तथा सोलुखुम्बु जिल्ला भित्रका पर्यटन एवं वातावरणको क्षेत्रमा कलम चलाउने पत्रकार, रेडियो, अनलाइन र टेलिभिजनका संचारकर्मी, पर्यटन व्यवसायी(होमस्टे समेत), उद्योग, |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | पर्यटन, वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित सरोकारवाला व्यक्ति तथा संघ संस्थालाई सहभागी गराउनुपर्नेछ,<br>• मन्त्रालयले तोकेको कार्यक्षेत्रगत शर्तका अधिनमा रही कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालय र पत्रकार महासंघ ओखलढुंगाबीच सम्झौता गर्ने,<br>• कार्यक्रम स्थल,समय र मिति लगायतको विषय मन्त्रायलको समन्वयमा पत्रकार महासंघ ओखलढुंगाले तय गर्ने,<br>• कार्यक्रममा स्रोत व्यक्तिका रूपमा वातावरणविद/ भूगोलविदलाई सहभागी गराउनु पर्नेछ,<br>• महासंघले प्रचलित खरिद कानून तथा सार्वजनिक खर्चको मापदण्ड भित्र रही कार्यक्रम सञ्चालन गर्ने गराउने,<br>• कार्यक्रममा मन्त्रालयको सहभागीता र कार्यक्रमको अनुगमन हुनेछ,<br>• यस कार्यक्रम कार्यान्वयन गर्दा तपसिलका शिर्षकमा खर्च गर्न सकिनेछः<br>कार्यक्रमस्थल व्यवस्थापन(हल भाडा, साउण्ड सिस्टमआदि),खाना, खाजा, स्रोत व्यक्तिको भत्ता, यातायात, मसलन्द तथा स्टेशनरी खर्च, कार्यपत्र प्रस्तुतिकरण,प्रतिवेदन तयारी। |
| ५. जिम्मेवार निकाय | • पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,<br>• कार्यान्वयन साझेदार/सहजकर्ताःपत्रकार महासंघ ओखलढुंगा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र खर्चको बिल, भरपाई, फोटो, भिडियो र सहभागिता विवरण, कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ४८. विभिन्न ऐतिहासिक ,धार्मिक ,सामाजिक पर्यटकीयक्षेत्रको समग्र अध्ययनको डि पि आर

| बजेटउपशिर्षकनं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | एकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९००१३०१ १ | ३११३५ | ११.६.१६. ३ | १ | पटक | ५००० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय पूर्वाधारका क्षेत्रमा विकास, निर्माण तथा लगानी गर्न विभिन्न ऐतिहासिक ,धार्मिक,सामाजिक पर्यटकीय क्षेत्रको समग्र अध्ययन गर्न आवश्यक रहेको हुँदा यो शिर्षकमा बजेटमा विनियोजन गरिएको छ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| २. कार्यक्रमको उद्देश्य | • कोशी प्रदेशको पर्यटकीय पूर्वाधारका क्षेत्रमा विकास, निर्माण एवं लगानीको लागि आधार तयार पार्ने। |
| ३. अपेक्षित उपलब्धी | • कोशी प्रदेशको पर्यटन क्षेत्रको पूर्वाधार विकासका लागि आधार तयार हुनेछ।<br>• विभिन्न ऐतिहासिक ,धार्मिक ,सामाजिक पर्यटकीय क्षेत्रको पहिचान, विकास एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार फराकिलो हुनेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • प्रचलित सार्वजिनिक खरिद कानून अनुसार परामर्श सेवा खरिद गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>• यस बजेटबाट तपसिलका शिर्षकमा खर्च गर्न सकिनेछ: परामर्श सेवा, बैठक व्यवस्थापन लगायत। |
| ५. जिम्मेवार निकाय | पर्यटन विकास आयोजना, विराटनगर |
| ६. प्रगति सुचक | विस्तृत परियोजना प्रतिवेदन(DPR) |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात विस्तृत परियोजना प्रतिवेदन(DPR) यस मन्त्रालयको पर्यटन महाशाखामा समेत  पेश गर्नुपर्नेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

पर्यटन कार्यालय काकरभिट्टा मार्फत सञ्चालन हुने कार्यक्रमहरु

## १. होमस्टेका सञ्चालकहरुलाई शिप विकास तालिम सञ्चालन अतिथि सत्कार तथा व्यवस्थापन पाककला आदि

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५१२ | २.६.४.४ | ३ | पटक | ४५० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक ज्ञान, सीप र व्यवहार विकास गर्ने। स्थानीय खाना, संस्कृति र आतिथ्य सेवालाई पर्यटनमैत्री बनाउदैहोमस्टेमा दक्षता अभिबृद्धि गर्ने । |
| २. कार्यक्रमको उद्देश्य | होमस्टे सञ्चालकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • तालिमबाट दक्ष जनशक्ती उत्पादन गरिने<br>• होमस्टे सञ्चालनमा अनुभवसिद्ध व्यक्तिहरु आकर्षित हुने<br>• पर्यटकलाई सेवा सुविधा प्रदान गरिने । |
| ४. कार्यन्वयन प्रक्रिया | • पर्यटन कार्यालयले सार्वजानिक सूचना प्रकाशन गरीवा तालिम प्रदायक सरकारी तथा गैह्रसरकारी संस्थाका प्रतिनिधि छनौट गरी आफै समेत सञ्चालन गर्न सकिने छ । सरकार संस्था छनौट गर्ने छ ।<br>• तालिम सञ्चालन गर्ने स्थानका निम्ति सम्वन्धित स्थानीय तहसँग समन्वय गरिने छ ।<br>• तालिम न्यूनतम तीन स्थानमा सञ्चालन हुने छ ।<br>• तालिम कार्यक्रम प्रत्येक स्थानमा कम्तीमा तीन दिन सञ्चालन गर्नु पर्ने छ ।<br>• तालिममा अतिथि सत्कार, सरसफाइ, खाद्य सुरक्षा, पाककला, होमस्टे व्यवस्थापन, पर्यटकसँगको व्यवहार, प्राथमिक उपचार लगायतका विषय समावेश गरिने।<br>• प्रशिक्षक सम्बन्धित विषयका विज्ञ वा मान्यता प्राप्त संस्थाबाट व्यवस्थापन हुनु पर्ने छ।<br>• तालिम सम्पन्न भएपछि सहभागीलाई प्रमाणपत्र प्रदान गरिने।<br>• तालमिमा प्रशिक्षार्थीका रुपमा पर्यटन कार्यालयमा दर्ता तथा नविकरण भएका सामुदायिक तथा नीजि होमस्टेका सञ्चालकहरु हुने छन् ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ । मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ । |



डा. ईन्द्र प्रसाद सापको
प्रदेश सचिव

| | |
|---|---|
| | • सार्वजानिक खरिद ऐन र नियमावली तोके वमोजिम कार्य सञ्चालन गरिने छ<br>• प्रचलित कानुन बमोजिमको खर्च, गरी विल, भर्पाई, हाजिरी एवं कागजात पेश गरे पश्चात मात्र भुक्तानी गरिने छ । |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | सहभागीको सन्तुष्टि मापन गर्ने । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन गरी प्रगती प्रतिवेदन तयार गर्ने । |

**२. सार्वजानिक यातायातमा संलग्न चालक सह-चालकहरुलाई पर्यटकमैत्री व्यवहार सम्वन्धि सचेतना कार्यक्रम**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५१२ | २.६.५.२ | ३ | पटक | ४५० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | चालक तथा सहचालकमा पर्यटकप्रति सकारात्मक, सभ्य र सहयोगी व्यवहारको विकास गरी सुरक्षित, सम्मानजनक र गुणस्तरीय यातायात सेवा प्रवर्द्धन गर्ने। |
| २. कार्यक्रमको उद्देश्य | कोशी प्रदेशको पर्यटन छविलाई सकारात्मक बनाइ पर्यटनमैत्री व्यवहारको विकास गर्ने । |
| ३. अपेक्षित उपलब्धी | • यातायातकर्मीमा पर्यटकमैत्री भावनाको विकास हुने ।<br>• पर्यटन प्रवर्द्धनमा सहयोग प्रदान हुने ।<br>• ट्राफिक एवं अन्य व्यवस्थापनमा समन्वयय हुने ।<br>• पर्यटकलाई सहि सूचना सम्प्रेषण हुने । |
| ४. कार्यन्वयन प्रक्रिया | • यातायात व्यवसायी, ट्राफिक प्रहरी, यातायात व्यवसायसँग सम्वन्धित निकाय, तथा स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने।<br>• कार्यक्रममा पर्यटकसँग गर्ने व्यवहार, सेवा नैतिकता, सडक सुरक्षा, आपतकालीन सहयोग, गन्तव्य सम्बन्धी आधारभूत जानकारी तथा गुनासो व्यवस्थापनका विषय समावेश गरिने।<br>• कार्यक्रम झापा, इलाम, पाँचथर र ताप्लेजुङ मध्ये उपयुक्त स्थानमा गरिने<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ । मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ । |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • सहभागीलाई सहभागिता प्रमाणपत्र उपलब्ध गराइने। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | सहभागिताको सुनिश्चितता गरी प्रगति सूचक फारम बनाइ राख्ने |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन गरी प्रगती प्रतिवेदन तयार गर्ने । |

## ३. होटल ट्राभल्स, ट्रेकिङमा आवद्ध व्यवसायहीहरुको क्षमता विकास कार्यक्रम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५१२ | २.६.६.१० | २ | पटक | २०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पर्यटन व्यवसायलाई प्रतिस्पर्धी, सुरक्षित र दिगो बनाइ आधुनिक पर्यटन व्यवस्थापन तथा डिजिटल प्रवर्द्धन सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने। |
| २. कार्यक्रमको उद्देश्य | पर्यटन व्यवसायीहरूको व्यावसायिक क्षमता तथा सेवा गुणस्तर अभिवृद्धि गर्ने |
| ३. अपेक्षित उपलब्धी | व्यवासयीहरुको क्षमता विकास हुने,पर्यटनसँग सम्वन्धी दक्षतामा वृद्धि हुने |
| ४. कार्यन्वयन प्रक्रिया | • सम्बन्धित व्यवसायी, व्यवसायिक संघसंस्था तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनोट गरिने।<br>• तालिममा ग्राहक सेवा, डिजिटल मार्केटिङ, व्यवसाय व्यवस्थापन, दिगो पर्यटन, पर्यटन कानुन, जोखिम व्यवस्थापन, वातावरण संरक्षण तथा व्यवसायिक आचारसंहिता लगायतका विषय समावेश गरिने।<br>• तालिम न्यूनतम २ दिनसम्म सञ्चालन गर्नु पर्ने छ ।<br>• तालिम सम्पन्न भएपछि सहभागीलाई प्रमाणपत्र प्रदान गरिने।<br>• तालिम न्यूनतम २ स्थानमा सञ्चालन गरिने छ ।<br>• प्रचलित कानुन बमोजिम खर्च गरिने छ ।<br>• तालिम सञ्चालनका निम्ति, तालिम प्रदायक संस्था छनौटका निम्ति सार्वजानि सूचना प्रकाशन गरिने छ ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ । मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ । |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रम समापन पश्चात विल भर्पाइ ताथ आवश्यक कागजात पेश गरे पश्चात भुक्तानी गरिने छ । |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | सहभागिताको सुनिश्चितता गरी प्रगति सूचक फारम बनाइ राख्ने |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन गरी प्रगती प्रतिवेदन तयार गर्ने । |

**४. स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१०९ | १ | पटक | ३०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | मानव स्वास्थ्यसँग र पर्यटनसँग जोडिएको साइक्लिङ कार्यक्रम पछिल्लो समयमा चर्चित हुँदै गइरहेको छ। पर्यटन र स्वास्थ्यसँगै जोडिएका बिषय हुन्।कोशी प्रदेश माउन्टेन बाइकका लागि उपयुक्त गन्तव्य हो भन्ने प्रमाणित समेत भएको छ।सामुहिक साइक्लिङ कार्यक्रमले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास समेत दिलाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | साइकल पर्यटनको प्रवर्द्धन गर्ने । |
| ३. अपेक्षित उपलब्धी | साइक्लिङ पर्यटनलाई प्रोत्सहित भई,स्वास्थय पर्यटनको विकास हुने । |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम सञ्चालन सार्वजानिक सूचना मार्फत साझेदारी गर्न इच्छुक संघ, संस्था, स्थानीय तह वाफर्मसँग लागत अनुमान माग गरी साझेदारी हुने गरी कार्यक्रम कार्यन्वयन गरिने छ।<br>• यस कार्यक्रमबाट प्रचार-प्रसार सामाग्री खरिद, भ्रमण खर्च, पुरस्कार एवं स्वास्थ्य सामाग्री खरिद गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• यस कार्याक्रमको लागि सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यको लागि अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट गरिनेछ।कम्तिमा दुई दीन कार्याक्रम सञ्चालन गर्नु पर्ने छ |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |



डा. ईन्द्र प्रसाद सापव
प्रदेश सचिव

| | |
|---|---|
| ६. प्रगति सुचक | कार्यक्रम मुल्याङ्कन समिति गठन गरी प्रगति सुचक निर्माण गर्ने |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन गरी प्रगती प्रतिवेदन तयार गर्ने । |

## ५. अन्य भ्रमण कार्यक्रम

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१२९ | १ | पटक | १०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पर्यटनसँग सम्वन्धित विभिन्न सरोकारवाला निकायहरुसँगको समन्वय बैठकमा सहभागि हुनका निम्ति कार्यालयको तर्फबाट हुने भ्रमणको निम्ति यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अन्तर निकाय भ्रमण मार्फत पर्यटन प्रवर्द्धन |
| ३. अपेक्षित उपलब्धी | पर्यटनजन्य गतिविधिको वढ्वा तथा पर्यटन प्रवर्द्धन । |
| ४. कार्यन्वयन प्रक्रिया | विभिन्न कार्यालय निकायले आमन्त्रण गरेका वा कार्यालय आफैले कुनै सरकारी वा गैह्रसरकारी कार्यक्रममा पर्यटन कार्यालयको तर्फबाट आधिकारिक प्रतिनिधि पठाउनु परेको खण्डमा कार्यालय प्रमुखको लिखित आदेशमा कार्यक्रम सञ्चालन हुने छ। अन्तरप्रदेश भ्रमणमा समेत यसै शिर्षकबाट खर्च गर्न सकिने छ । |
| ५. जिम्मेवारनिकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगतिसुचक | भ्रमण गर्नेले प्रगतिको सूचक सहित प्रतिवेदन तयार गर्ने |
| ७. प्रतिवेदनप्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन गरी भ्रमण प्रतिवेदन तयार गर्ने । |

## ६.साहसिक पर्यटन प्रवर्द्धन (Adventure Tourism Promotion) मा सहकार्य सम्बन्धी कार्यक्रम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१३२ | १ | पटक | २०० | तेस्रो |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | प्रदेशका साहसिक पर्यटन गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गरी। साहसिक पर्यटनसँग सम्बन्धित सरकारी, निजी तथा सामुदायिक क्षेत्रबीच सहकार्य र समन्वय अभिवृद्धि गर्दै कोशी प्रदेशको सहासिक पर्यटन प्रवर्द्धन गर्ने |
| २. कार्यक्रमको उद्देश्य | साहसिक पर्यटन गतिविधिहरूको विकास, विस्तार तथा प्रवर्द्धन गर्नु। |
| ३. अपेक्षित उपलब्धी | सहासिक पर्यटन तर्फ व्यवसायीहरु आकर्षित भइ सहासकि पर्यटनमा व्यवसायको आवश्यक्ता खोज्ने प्रयत्न गर्नु । |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम पर्यटन कार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तह, पर्यटनसँग सम्बन्धित संघ/संस्था तथा सहासिक पर्यटनको क्षेत्रमा काम गर्दै आएका नीजि तथा गैह्रसरकारी संस्थहरुसँगको सहकार्यमा सञ्चालन गरिनेछ।<br>• कार्यक्रमअन्तर्गत साहसिक पर्यटनसँग सम्बन्धित महोत्सव, प्रतियोगिता, प्रदर्शनी, प्रवर्द्धनात्मक अभियान, जनचेतनामूलक कार्यक्रम तथा अन्य प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनका लागि आवश्यक सेवा प्रदायक संस्था वा साझेदार संस्था प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम छनोट गरिनेछ।<br>• कार्यक्रम सञ्चालन गर्दा सहभागीहरूको सुरक्षा, जोखिम न्यूनीकरण तथा सम्बन्धित निकायबाट तोकिएका सुरक्षा मापदण्डहरूको पूर्ण पालना गरिनेछ।<br>• कार्यक्रम सञ्चालनमा आवश्यक समन्वय, प्रचारप्रसार तथा व्यवस्थापन कार्य स्वीकृत कार्यक्रम र लागत अनुमान बमोजिम गरिनेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, बिल, भरपाई, फोटो, सहभागी विवरण तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ।<br>• आवश्यक्ताका आधारमा सार्वजानिक सूचना समेत प्रकाशन गरिने छ ।<br>• साझेदारी कार्यक्रम भएको हुँदा कार्यक्रममा साझेदारी गर्ने संस्थाले साझेदारीको रकम समेत उल्लेख गर्नु पर्ने छ । कार्यक्रमको सञ्चालन स्थान आपसी समन्वययमा गरिने छ ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ । |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रम सम्पन्न पश्चात विल भर्पाइ, फोटो तथा अन्य आवश्यक कागजात पेश गरे पश्चात प्रचलित कानुन बमोजिम भुक्तानी गरिने छ । |
| ५. जिम्मेवारनिकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रममा सहभागी व्यवासायी, स्टेकहोल्डर एवं अन्य व्यक्तिहरुको सन्तुष्टी र आगामी कार्ययोजनाका आधारमा प्रगति सूचक मापन गरिने छ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन नीजि क्षेत्रको तर्फबाट प्रगति प्रतिवेदन तयार गर्न लाउने । |

## ७. निशान पदमार्ग प्रवर्द्धन कार्यक्रम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१७७ | १ | पटक | ५० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | • निशान पदमार्गको संरक्षण, विकास तथा पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्नु।<br>• पदमार्गलाई सुरक्षित, व्यवस्थित तथा पर्यटकमैत्री बनाई आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नु। |
| २. कार्यक्रमको उद्देश्य | • स्थानीय समुदायको सहभागितामार्फत दिगो पर्यटन विकास, रोजगारी सिर्जना तथा स्थानीय आयआर्जनमा टेवा पुऱ्याउनु। |
| ३. अपेक्षित उपलब्धी | • निशान पदमार्गको संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धनमा अभिवृद्धि हुनेछ।<br>• पदमार्गमा पर्यटकको आगमन वृद्धि भई स्थानीय पर्यटन व्यवसाय प्रवर्द्धन हुनेछ।<br>• स्थानीय समुदायको आयआर्जन, रोजगारी तथा पर्यटनमा सहभागिता अभिवृद्धि हुनेछ।<br>• दिगो तथा समुदायमा आधारित पर्यटन विकासमार्फत क्षेत्रको समग्र पर्यटन विकासमा टेवा पुग्नेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • इलामका सम्वन्धित स्थानीय तहहरुले प्रत्येक बर्ष सञ्चालन गर्ने निशान पदमार्ग भ्रमण कार्यक्रम सहभागिता र सहकार्य गरिने छ । |



डा. ईन्द्र प्रसाद सापको
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रमअन्तर्गत पदमार्गको सरसफाइ, मर्मत—सम्भार, सौन्दर्यकरण, विश्रामस्थल निर्माण वा सुधार, सूचना तथा दिशासूचक बोर्ड स्थापना, सुरक्षा संकेतहरूको व्यवस्थापनमा सहभागितागर्न सकिनेछ।<br>• पदमार्ग क्षेत्रमा स्थानीय संस्कृति, प्राकृतिक सम्पदा तथा वातावरण संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रममा सहभागी व्यवासायी, स्टेकहोल्डर एवं अन्य व्यक्तिहरुको सन्तुष्टी र आगामी कार्ययोजनाका आधारमा प्रगति सूचक मापन गरिने छ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन नीजि क्षेत्रको तर्फबाट प्रगति प्रतिवेदन तयार गर्न लाउने । |

**८.सांस्कृतिक सर्किट पदमार्ग रोङ**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१८२ | १ | पटक | ३०० | दोश्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | इलाम जिल्ला रोङ गाउँपालिका वार्ड नं. ६ मा अवस्थित सांस्कृतिक सर्किट रोङ गाउँपालिकाको रङ रोगन, मर्मत सम्भार एवं व्युटिफिकेसनका निम्ति यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | पदमार्गलाई आकर्षक, सुरक्षित तथा पर्यटकमैत्री बनाई आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नु। स्थानीय संस्कृति, परम्परा, कला तथा स्थानीय उत्पादनको संरक्षण, प्रवर्द्धन र स्थानीय आयआर्जनमा टेवा पुऱ्याउनु। |
| ३. अपेक्षित उपलब्धी | रोङ क्षेत्रको सांस्कृतिक सर्किट पदमार्गको संरक्षण, विकास तथा प्रभावकारी प्रवर्द्धन हुनेछ। पदमार्गमा पर्यटकको आकर्षण तथा आवागमनमा वृद्धि हुनेछ। स्थानीय संस्कृति, सम्पदा तथा पर्यटनबीचको अन्तरसम्बन्ध सुदृढ भई स्थानीय समुदायको आयआर्जन र रोजगारीमा वृद्धि हुनेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • रोङ गाउँपालिकाको सम्वन्वयमा स्थानीय आवश्यक्ताका आधारमा, उपभोक्ता समिति, पर्यटनसँग सम्बन्धित संघ/संस्था तथा अन्य सरोकारवालासँग सार्वजानिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार गरिने छ । |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रमअन्तर्गत पदमार्गको सरसफाइ, सौन्दर्यकरण, सानो मर्मत-सम्भार, विश्रामस्थल व्यवस्थापन, सूचना तथा दिशासूचक बोर्ड स्थापना, सांस्कृतिक सम्पदाको संरक्षण तथा अन्य आवश्यक पर्यटन पूर्वाधार विकासका कार्यहरू सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन, कार्यक्रम प्रतिवेदन, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचका निम्ति स्थलगत अवलोकन, स्थानीय तहको प्राविधिक मुल्याङ्कनलाई मानिने छ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्न लाउने । |

**९.इन्डो-नेपाल वाइक राइडिङ**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१८५ | १ | पटक | ३०० | चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | नेपाल-भारतबीच पर्यटन प्रवर्द्धन, सांस्कृतिक सम्बन्ध तथा पर्यटन सहकार्य अभिवृद्धि गर्दैकोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको भारतीय बजारमा प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नेका निम्ति यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | मोटरसाइकल पर्यटन (Motorcycle Tourism) को विकास तथा सीमापार पर्यटन (Cross-border Tourism) लाई प्रवर्द्धन गर्नु। |
| ३. अपेक्षित उपलब्धी | नेपाल-भारतबीच पर्यटन सहकार्य तथा सीमापार पर्यटन प्रवर्द्धनमा अभिवृद्धि हुनेछ। कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको भारतीय बजारमा प्रभावकारी प्रचारप्रसार हुनेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम सञ्चालनका निम्ति सार्वजानिक सूचना प्रकाशन गरिने छ । प्राप्त प्रस्तावका आधारमा कार्यक्रम सम्पन्न गर्ने संघ, संस्था तथा निकायसँग दोहोरो सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने छ<br>• कार्यक्रमअन्तर्गत नेपाल र भारतका मोटरसाइकल राइडरहरूको सहभागितामा पर्यटन प्रवर्द्धनात्मक बाइक राइड, पर्यटन संवाद, गन्तव्य अवलोकन, सांस्कृतिक कार्यक्रम तथा अन्य प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनका लागि आवश्यक सेवा प्रदायक संस्था वा साझेदार संस्था प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम छनोट गरिनेछ।<br>• कार्यक्रम सञ्चालन गर्दा सहभागीहरूको सुरक्षा, ट्राफिक नियम, प्राथमिक उपचार, उद्धार व्यवस्थापन तथा सम्बन्धित निकायबाट तोकिएका सुरक्षा मापदण्डहरूको पूर्ण पालना गरिनेछ।<br>• कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायबाट आवश्यक स्वीकृति तथा समन्वय प्राप्त गरी सञ्चालन गरिनेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, सहभागी विवरण, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचकका निम्ति स्थलगत अवलोकन, सरोकारवाला सहभागिता सुनिश्चित गरिने । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार हुने । |

**१०.रेडपाण्डा फेस्टिवल**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१८७ | १ | पटक | २०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | रेडपाण्डा पाइने क्षेत्रको पर्यटकीय सम्भावनाको प्रचारप्रसार गर्दैस्थानीय समुदायको सहभागितामार्फत संरक्षण र पर्यटनबीचको सम्बन्धलाई सुदृढ गर्दै स्थानीय आयआर्जनमा टेवा पुऱ्याउनुका निम्ति यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | रेडपाण्डा संरक्षण, जैविक विविधता तथा प्रकृतिमा आधारित पर्यटनको प्रवर्द्धन गर्नु। |
| ३. अपेक्षित उपलब्धी | रेडपाण्डा संरक्षण तथा प्रकृतिमा आधारित पर्यटनप्रति जनचेतनामा अभिवृद्धि हुने । रेडपाण्डा पाइने क्षेत्रहरूको पर्यटकीय पहिचान र प्रवर्द्धन हुनेछ। स्थानीय समुदायको संरक्षण तथा पर्यटन गतिविधिमा सहभागिता वृद्धि हुनेछ। आन्तरिक तथा बाह्य पर्यटक आगमन वृद्धि भई स्थानीय आर्थिक गतिविधि र रोजगारी प्रवर्द्धनमा टेवा पुग्नेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम पर्यटन कार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तहसँग, सम्बन्धित संघ/संस्था, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवालाको मागको आधारमा सहकार्य गरी सञ्चालन गरिनेछ।<br>• कार्यक्रमअन्तर्गत रेडपाण्डा संरक्षण तथा पर्यटन प्रवर्द्धनसम्बन्धी फेस्टिवल, प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, जनचेतनामूलक अभियान, अन्तरक्रिया, स्थानीय उत्पादन प्रदर्शनी तथा प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनका लागि सम्वन्धित स्थानीयतहको माग वा सिफारिसका आधारमा सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम छनोट गरिनेछ।<br>• कार्यक्रम सञ्चालन गर्दा जैविक विविधता संरक्षण, पर्या-पर्यटन वातावरणीय सन्तुलन तथा स्थानीय संस्कृति र परम्पराको संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, सहभागी विवरण, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |



डा. ईन्द्र प्रसाद सापकोट
प्रदेश सचिव

| | |
|---|---|
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचकका निम्ति स्थलगत अवलोकन, स्थानीय मुल्याङ्कनलाई मानिने छ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्ने । |

**११.Explore Taplejung कार्यक्रमः**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१८९ | १ | पटक | ७०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | ताप्लेजुङको प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटनको विकास र विस्तार गर्दै। आन्तरिक तथा बाह्य पर्यटक आगमन वृद्धि गरी स्थानीय आर्थिक गतिविधि, रोजगारी तथा पर्यटन व्यवसाय प्रवर्द्धन गर्नका निम्ति यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ताप्लेजुङ जिल्लाका पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन तथा प्रचारप्रसार गर्नु। |
| ३. अपेक्षित उपलब्धी | ताप्लेजुङ जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रभावकारी प्रचारप्रसार हुनेछ। आन्तरिक तथा बाह्य पर्यटक आगमनमा वृद्धि भई पर्यटन व्यवसाय प्रवर्द्धन हुनेछ। स्थानीय समुदायको पर्यटन गतिविधिमा सहभागिता तथा आयआर्जनका अवसर अभिवृद्धि हुनेछन्। ताप्लेजुङलाई प्रदेशको प्रमुख पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न टेवा पुग्नेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम सञ्चालनका निम्ति सार्वजानिक सूचना प्रकाशित गरी प्रस्ताव माग गरिने छ ।<br>• कार्यक्रमअन्तर्गत पर्यटन प्रवर्द्धनात्मक भ्रमण (Familiarization Tour), पर्यटन महोत्सव, फोटो तथा भिडियो प्रदर्शनी, प्रचारप्रसार सामग्रीउत्पादन, अन्तरक्रिया, गन्तव्य ब्रान्डिङ,छलफल तथा अन्तरक्रिया एवं स्थानीय आवश्यक्ताका आधारमा अन्य प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्न सकिनेछ।<br>• ताप्लेजुङ जिल्लाका पर्यटनजन्य गतिविधि गर्ने संस्थालाई प्राथमिकता दिइने छ |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालनका लागि आवश्यक सेवा प्रदायक संस्था वा साझेदार संस्था प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम छनोट गरिनेछ।<br>• कार्यक्रम सञ्चालनमा स्थानीय पर्यटन व्यवसायी, सञ्चारमाध्यम, पर्यटनकर्मी तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, सहभागी विवरण, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचकका निम्ति स्थलगत अवलोकन, स्थानीय मुल्याङ्कनलाई प्राथमिकता दिइनेछ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्न लाउने । |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचकका निम्ति स्थलगत अवलोकन, स्थानीय मुल्याङ्कनलाई मानिने छ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्ने। |

## १२.गन्तव्यहरुको प्रतियोगितात्मक सर्ट भिडियो निर्माण तथा टिकटक प्रतियोगिता

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.१९५ | १ | पटक | ३०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | प्रदेशका पर्यटकीय गन्तव्यहरूको डिजिटल माध्यमबाट प्रभावकारी प्रचारप्रसार गर्दैयुवा पुस्तालाई पर्यटन प्रवर्द्धन अभियानमा सहभागी गराई |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | सिर्जनात्मक सामग्री उत्पादनलाई प्रोत्साहन गर्न यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक सञ्जालमार्फत आन्तरिक तथा बाह्य पर्यटकलाई प्रदेशका पर्यटकीय गन्तव्यबारे जानकारी प्रवाह गर्नु। |
| ३. अपेक्षित उपलब्धी | • प्रदेशका पर्यटकीय गन्तव्यहरूको डिजिटल माध्यमबाट व्यापक प्रचारप्रसार हुनेछ।<br>• पर्यटन प्रवर्द्धनमा युवाहरूको सक्रिय सहभागिता अभिवृद्धि हुनेछ।<br>• गुणस्तरीय प्रवर्द्धनात्मक भिडियो सामग्री उत्पादन भई पर्यटन प्रचारप्रसारमा उपयोग हुनेछ।<br>• आन्तरिक तथा बाह्य पर्यटकलाई प्रदेशका पर्यटकीय गन्तव्यप्रति आकर्षित गर्न सहयोग पुग्नेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम संचालनका निम्ति सार्वजानिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरिने छ ।<br>• प्राप्त प्रस्तावका आधारमा भिडियो डकुमेन्ट्री निर्माण गर्ने फर्म/कम्पनीसँग दोहोरो सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिने छ ।<br>• कार्यक्रमअन्तर्गत प्रदेशका झापा, इलाम, पाँचथर र ताप्लेजुङका पर्यटकीय गन्तव्यहरूका सर्ट भिडियो निर्माण गरी तथा टिकटक प्रतियोगिता सञ्चालन गरिनेछ।<br>• प्रतियोगितामा सहभागी हुन इच्छुक व्यक्तिहरूबाट सार्वजनिक सूचनामार्फत आवेदन आह्वान गरिनेछ।<br>• प्राप्त भिडियोहरूको मूल्याङ्कनका लागि विषयविज्ञ सम्मिलित मूल्याङ्कन समिति गठन गरिनेछ। समितिले पूर्वनिर्धारित मापदण्डका आधारमा उत्कृष्ट भिडियो छनोट गर्नेछ।<br>• उत्कृष्ट भिडियो निर्माण गर्ने सहभागीलाई स्वीकृत मापदण्ड बमोजिम पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सकिनेछ।<br>• प्रतियोगितामा प्राप्त उत्कृष्ट भिडियोहरू पर्यटन प्रवर्द्धनका लागि कार्यालयले प्रचारप्रसार सामग्रीको रूपमा प्रयोग गर्न सक्नेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ । |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, मूल्याङ्कन प्रतिवेदन, सहभागी विवरण, भिडियोहरूको अभिलेख, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवारनिकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगतिसुचक | पर्यटकीय स्थलको प्रचारलाई मुख्य सूचक मानिने छ । |
| ७. प्रतिवेदनप्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्न लाउने । |

## १३. कोशी-सिक्कम चिवाभञ्ज्याङ Friendship Tourism Meet

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.२०० | १ | पटक | ३०० | चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेश र सिक्किमबीच पर्यटन, संस्कृति तथा आपसी सम्बन्धलाई सुदृढ गर्दै पर्यटन प्रवर्द्धन गर्नु। चिवा भञ्ज्याङ नाका केन्द्रित सीमापार पर्यटन (Cross-border Tourism) लाई प्रवर्द्धन गर्नु हो । |
| २. कार्यक्रमको उद्देश्य | पर्यटनसँग सम्बन्धित सरकारी तथा निजी क्षेत्रबीच सहकार्य, अनुभव आदानप्रदान तथा पर्यटन साझेदारी अभिवृद्धि गर्नु। |
| ३. अपेक्षित उपलब्धी | • कोशी प्रदेश र सिक्किमबीच पर्यटन तथा सांस्कृतिक सम्बन्ध थप सुदृढ हुनेछ।<br>• सीमापार पर्यटन प्रवर्द्धन तथा पर्यटक आवागमनमा वृद्धि हुनेछ।<br>• पर्यटन व्यवसायी तथा सरोकारवालाबीच सहकार्य, अनुभव आदानप्रदान तथा व्यावसायिक सम्बन्ध विस्तार हुनेछ।<br>• चिवा भञ्ज्याङ क्षेत्रको पर्यटन गन्तव्यको रूपमा पहिचान तथा प्रवर्द्धनमा टेवा पुग्नेछ। |
| ४. कार्यन्वयनप्रक्रिया | • कार्यक्रम पर्यटन कार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तह, पर्यटनसँग सम्बन्धित संघ/संस्था, सरकारी निकाय तथा अन्य सरोकारवालासँग सहकार्य गरी सञ्चालन गरिनेछ।<br>• कार्यक्रमअन्तर्गत पर्यटन प्रवर्द्धनात्मक अन्तरक्रिया, सांस्कृतिक कार्यक्रम, पर्यटन व्यवसायीबीच अनुभव आदानप्रदान, पर्यटन गन्तव्य प्रवर्द्धन तथा Friendship–Tourism Meet सञ्चालन गर्न सकिनेछ। |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • आवश्यकता अनुसार नेपाल तथा सिक्किमका पर्यटन व्यवसायी, सञ्चारकर्मी, पर्यटनकर्मी तथा अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ।<br>• कार्यक्रम सञ्चालनका लागि आवश्यक सेवा प्रदायक संस्था वा साझेदार संस्था प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम छनोट गरिनेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, सहभागी विवरण, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचकका निम्ति स्थलगत अवलोकन, स्थानीय मुल्याङ्कनलाई प्राथमिकता दिइनेछ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्न लाउने । |

**१४.केचना कन्चनजङ्घा उत्तरदायी पर्यटन सम्मेलन**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमाशिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१३ | २२५२२ | २.५.११.२०४ | १ | पटक | २०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशमा उत्तरदायी (Responsible) पर्यटनको अवधारणा प्रवर्द्धन तथा संस्थागत विकास गर्नु। केचनादेखि कञ्चनजङ्घासम्म फैलिएको पर्यटन सर्किटको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्नु। |
| २. कार्यक्रमको उद्देश्य | • पर्यटन विकासमा सरकारी, निजी तथा सामुदायिक क्षेत्रबीच सहकार्य, समन्वय तथा अनुभव आदानप्रदान अभिवृद्धि गर्नु। |
| ३. अपेक्षित उपलब्धी | • उत्तरदायी पर्यटन सम्बन्धी नीति, अवधारणा तथा अभ्यासप्रति सरोकारवालाहरूको ज्ञान र सचेतनामा अभिवृद्धि हुनेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • केचन-कञ्चनजङ्घा पर्यटन सर्किटको प्रभावकारी प्रवर्द्धन तथा ब्रान्डिङ हुनेछ।<br>• पर्यटन क्षेत्रका सरोकारवालाबीच सहकार्य, समन्वय तथा अनुभव आदानप्रदान सुदृढ हुनेछ।<br>• दिगो, समावेशी तथा उत्तरदायी पर्यटन विकासमा टेवा पुग्नेछ। |
| ४. कार्यन्वयन प्रक्रिया | • कार्यक्रम पर्यटन कार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तह, पर्यटनसँग सम्बन्धित संघ/संस्था, एवं यस अघि यसै बिषयमा काम गरिरहेका सरोकारवालासँग सहकार्य गरी सञ्चालन गरिनेछ।<br>• कार्यक्रमअन्तर्गत उत्तरदायी पर्यटन सम्बन्धी सम्मेलन, अन्तरक्रिया, कार्यपत्र प्रस्तुतीकरण, अनुभव आदानप्रदान, पर्यटन संवाद, प्रदर्शनी तथा पर्यटन प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्न सकिनेछ।<br>• सम्मेलनमा पर्यटन विज्ञ, पर्यटन व्यवसायी, स्थानीय तहका प्रतिनिधि, सञ्चारकर्मी, समुदायका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ।<br>• कार्यक्रम सञ्चालनका निम्ति प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम छनोट गरिनेछ।<br>• सम्मेलन सञ्चालन गर्दा दिगो तथा उत्तरदायी पर्यटनका सिद्धान्त, स्थानीय संस्कृति, प्राकृतिक सम्पदा तथा वातावरण संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, कार्यपत्र, सहभागी विवरण, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात, सम्वन्धित स्थानीय तहको कार्यक्रम सम्पन्न भएको पत्र पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय काकरभिट्टा झापा |
| ६. प्रगति सुचक | कार्यक्रम सम्पन्न पश्चात प्रगति सुचकका निम्ति स्थलगत अवलोकन, स्थानीय मुल्याङ्कनलाई प्राथामिकता दिइनेछ । |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको मुल्याङ्कन प्रगति प्रतिवेदन तयार गर्न लाउने । |

**१५. कर्सोङ्ग पदमार्ग ट्रेल रन**



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS CODE | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम सञ्चालनका निम्ति १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिनेछ। उक्त सूचना कार्यालयको वैबसाइट र सूचनापाटीमा प्रकाशन गर्नु पर्नेछ।<br>• सम्बन्धित कार्यालयको कार्यक्षेत्र भित्र नियमानुसार दर्ता भइ संचालनमा रहेका विगतका बर्षहरुमा यस कार्यालय र अन्य सरकारी निकायबाट यस्तै प्रकृतिका सहयोग नलिएका सामुदायिक होमस्टेहरुलाई मात्र सहयोग प्रदान गरिनेछ।<br>• रीतपुर्वक पेश हुन आएका निवेदनहरुको आवश्यक्ता र औचित्यताको समेत अध्ययन गरी कार्यालयले कम्तिमा ३ वटा होमस्टेहरुको संस्थागत सुदृणिकरणका लागि सामान्य वस्तुगत सहायता प्रदान, प्रचारप्रसार, ब्रोसर निर्माण आदिमा सहयोग गर्न सक्नेछ। साथै आवश्यकतामा आधारित स्तरोन्तीको लागि अभिमुखिकरण कार्यक्रम समेत संचालन गर्न सकिनेछ।<br>• सामुदायिक होमस्टेहरुलाई प्रदान गरिने सामाग्रीहरु प्रचलित ऐन नियम अनुसार कार्यलयले खरिद गरी सम्बन्धित सामुदायिक होमस्टेहरुलाई नियमानुसार हस्तान्तरण गर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | सहयोग प्रास गर्ने सामुदायिक होमस्टेको संख्या, सहयोग गरिएका सामाग्रीहरुको विवरण |
| ७. प्रतिवेदनप्रणाली | कार्यक्रम सम्पन्न पश्चात स्थालगत अनुगमन र प्रमाणीकरण |

## ५. कोशी खाद्य उत्सव

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.२०७ | १ | पटक | ३०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेश सांस्कृतिक, जातीय तथा भौगोलिक विविधताले सम्पन्न प्रदेश हो। यहाँका विभिन्न समुदायका परम्परागत खानाका परिकार, कृषि उत्पादन तथा खाद्य संस्कृतिले प्रदेशको मौलिक पहिचान निर्माण गरेका छन्। यस्ता स्थानीय खाद्य परिकार र उत्पादनको संरक्षण, प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | मौलिक तथा परम्परागत स्थानीय खाद्य परिकारलाई पर्यटनसँग जोड्दै पर्यटन प्रवर्द्धन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • कोशी प्रदेशका स्थानीय खानाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार हुने।<br>• स्थानीय उत्पादनको बिक्री तथा बजार विस्तारमा सहयोग पुग्ने। |
| ४. कार्यान्वयन प्रक्रिया | • आवश्यकता र मागका आधारमा विगतमा यस्तै यस्तै महोत्सव समेत संचालन गरेका कुनै पनि संस्था/निकायले लागत साझेदारी खुल्ने गरी लागत अनुमान सहितको प्रस्तावना, आयोजक समितिको निर्णय र सम्बन्धित स्थानीय तहको सिफारिस साथ कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।<br>• यस कार्यक्रममा स्थानीय स्तरमा उत्पादित अर्गानिक कृषि उपज, हस्तकला र घरेलु उत्पादनहरूको स्टल र बिक्री वितरण, विभिन्न समुदायका परम्परागत लोक नृत्य, झाँकी, साङ्गीतिक प्रस्तुति, स्थानीय हस्तकलाको प्रदर्शनी लगायतका कार्यक्रमहरु गर्न सकिनेछ।<br>• यस कार्यक्रम बाट स्टल व्यवस्थापन, साउण्ड सिस्टम, टेन्ट, प्रचार प्रसार, मायाको चिनो लगायतमा खर्च गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो तथा भिडियो र सम्बन्धित स्थानीयतहको सिफारिस लगायतको अन्य आवश्यक कागजात संलग्न राखी कार्यालयमा भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | आयोजना हुने खाद्य महोत्सव,महोत्सवमा सहभागी तथा आगन्तुकको संख्या,प्रदर्शन तथा बिक्री गरिएका मौलिक खाद्य परिकारहरु |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ७. प्रतिवेदन प्रणाली | आयोजना गर्ने संस्था /निकायले महोत्सव तयारीदेखि सम्पन्नसम्मका सम्पुर्ण विवरण,उपलब्धी,सिकाइ,समस्या समेटि तयार गर्ने प्रतिवेदन। |

## ६. पर्यटन गाइड तालिम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१८८ | १ | पटक | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पर्यटन क्षेत्रको दिगो विकासका लागि दक्ष, व्यवसायिक तथा जिम्मेवार पर्यटन गाइडको महत्वपूर्ण भूमिका रहन्छ। स्थानीयस्तरमा पर्यटन सम्बन्धी सम्भावना भएपनि आवश्यक ज्ञान, सीप, भाषा तथा पर्यटक व्यवस्थापन क्षमता भएका जनशक्तिको कमी देखिन्छ। यस अवस्थालाई सम्बोधन गर्दै स्थानीय युवालाई पर्य टन गाइड सम्बन्धी व्यावसायिक ज्ञान तथा व्यवहारिक सीप प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. कार्यक्रमकोउद्देश्य | दक्ष, जिम्मेवार तथा व्यावसायिक पर्यटन गाइड उत्पादन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | दक्ष तथा प्रशिक्षित पर्यटन गाइड तयार हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • पर्यटन व्यवसायी, संघसंस्था, विभिन्न निकायहरुसँग समन्वय गरी यो कार्यक्रम संचालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रममा पर्यटन गाइड सम्बन्धी आधारभूत तथा व्यावसायिक तालिम सञ्चालन, प्रभावकारी सञ्चार, जिम्मेवार पर्यटन तथा आचार संहिता सम्बन्धी अभिमुखीकरण, विपद्व्यवस्थापन सम्बन्धी प्रशिक्षण, प्रयोगात्मक अभ्यास लगायतका विषयमा तालिम संचालन गरिनेछ।<br>• यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्नस किनेछ।<br>• यस कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार परामर्श सेवा पनि खरिद गर्न सकिनेछ। |
| ५. जिम्मेवारनिकाय | पर्यटन कार्यालय धरान |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ६. प्रगति सुचक | संचालन गरिने तालिम, तालिममा सहाभागी प्रशिक्षार्थिहरु,प्रशिक्षार्थीको ज्ञान तथा सीप मूल्याङ्कनमा आएको सुधार, प्रशिक्षित गाइड |
| ७. प्रतिवेदन प्रणाली | तालिम सम्पन्न पश्चात तालिमको प्रगति, सहभागी विवरण, खर्च विवरण, उपलब्धि, सिकाइ तथा देखिएका समस्या समेटिएको प्रतिवेदन। |

## ७. मुख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजनिक स्थलहरु र कोशीटप्पुमा सरसफाइ र सौन्दर्यकरण

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.७.२५.७७ | १ | पटक | ३०० | दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाले समृद्ध मुख्य पर्यटन गन्तव्यहरू पर्यटक आकर्षणका प्रमुख आधार हुन्। तर नियमित सरसफाइ, फोहोर व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा सौन्दर्यकरणको अभावले पर्यटकको अनुभवमा नकारात्मक प्रभाव परेको छ। तसर्थ धार्मिक स्थल, सार्वजनिक स्थल तथा क्षेत्रलाई स्वच्छ, सुन्दर र आकर्षित बनाउन यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | प्रमुखपर्यट कीय, धार्मिक तथा सार्वजनिक स्थललाई स्वच्छ, सफा र आकर्षक बनाउने। |
| ३. अपेक्षित उपलब्धी | धार्मिक, सार्वजनिक तथा पर्यटकीय स्थलहरू स्वच्छ तथा आकर्षकहुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • सम्बन्धित पर्यटकीय स्थलसँग सम्बन्धित संघ, संस्था, समिति वा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा यो कार्यक्रम संचालन गरिने छ।<br>• यस कार्यक्रमबाट सौन्दर्यरकरण सँग सम्बन्धित कामहरु- रंगरोगन, फोहोर व्यवस्थापन, विभिन्न साइनेज/फ्लेक्स/गेट/होर्डिङ बोर्ड व्यवस्थापन, वृक्षारोपण, फूलबारी व्यवस्थापन, विश्रामस्थल तथा अन्य आवश्यक पर्यटकीय पूर्वाधारको मर्मत तथा व्यवस्थापन र सौन्दर्यकरण लगायतका कामहरु गर्न सकिनेछ।<br>• आवश्यकता अनुसार स्थानीय समुदाय, स्वयंसेवक, विद्यार्थी, पर्यटन व्यवसायी तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षण, जैविक विविधता संरक्षण तथा सम्बन्धित निकायका मापदण्डहरूको पालना गरिने छ।<br>• कार्यक्रम सञ्चालनमा हुने खर्च स्वीकृत कार्यक्रम तथा लागत अनुमानका आधारमा प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम प्रतिवेदन, फोटो, बिल, भरपाई तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | सौन्दर्यकरण गरिएका धार्मिक, सार्वजनिक तथा पर्यटकीय स्थल,गन्तव्यको स्वच्छता तथा सौन्दर्यमा आएको सुधार |
| ७. प्रतिवेदन प्रणाली | सम्बन्धित निकायले पेश गर्ने प्रतिवेदन, आवश्यकता अनुसार कार्यक्रम अघि र कार्यक्रम पछिको अवस्थाको फोटो/भिडियोको अभिलेख |

**८. हनि हन्टिङ फेस्टिभल**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.२१२ | १ | पटक | ४०० | दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | नेपालका ग्रामीण तथा पहाडी भेगमा वर्षौंदेखि चल्दै आएको भीर मौरीको मह काड्ने (Honey Hunting) कार्य केवल जीविकोपार्जनको माध्यम मात्र नभई एउटा अनुपम सांस्कृतिक र साहसिक परम्परा हो। पछिल्लो समय यो परम्परा लोप हुने अवस्थामा पुगेको हुँदा यसको संरक्षण, प्रवर्द्धन तथा पर्यटन सँग जोडेर स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | परम्परागत मह संकलन तथा मौरी पालन सम्बन्धी ज्ञान, सीप र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • हनि हन्टिङ संस्कृतिको संरक्षणमा टेवा पुग्ने।<br>• सम्बन्धति क्षेत्र पर्यटन गन्तव्यका रूपमा पहिचान स्थापित हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • खोटाङ जिल्लाको केपिलासगढी गाँउपालिकामा हरेक बर्ष आयोजना हुने हनि हन्टिङ फेस्टिलमा सहयोगका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र साझेदारीमा यो कार्यक्रम संचालनगरिनेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • दक्ष स्थानीय 'हनिहन्टर'हरू द्वारा परम्परागत तरिकाले चोयाको भऱ्याङ र डोरीको प्रयोग गरी भीरबाट मह काढ्ने, भीर मौरीको ताजा मह तथा भीरबाट निकालिएका अन्य उप-उत्पादनहरूको प्रदर्शनी तथा बिक्री, स्थानीय संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम,मिडिया क्षेत्रका प्रतिनिधिहरुलाई निमन्त्रणा गरी प्रचार प्रसार लगायतका कार्यक्रमहरु गर्न सकिनेछ।<br>• यस कार्यक्रमबाट भीर पूजा, हनि हन्टर टोलीको व्यवस्थापन तथा सुरक्षा सामग्री, स्टल निर्माण, साउण्ड सिस्टम, प्रचार प्रसार,ब्यानर, सुरक्षा तथा स्वास्थ्य सेवा, यातायात खर्च, खाना खाजा लगायतमा खर्च गर्न सकिनेछ।<br>• कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो तथा भिडियो लगायतको अन्य आवश्यक कागजात संलग्न राखी कार्यालयमा भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कर्यालय धरान |
| ६. प्रगति सुचक | आयोजना हुने हनि हन्टिङ फेस्टिभल, सहभागी मौरीपालक, कृषक, प्रदर्शनी तथा बिक्रीमा राखिएका मह, विभिन्न संचार माध्यमबाट प्रचार प्रसार |
| ७. प्रतिवेदन प्रणाली | सम्बन्धित निकायले लक्ष्य, प्रगती, समस्या, उपलब्धी सहितको पेश गर्ने प्रतिवेदन |

**९. गोठस्टेमा सरसफाइ तथा आतिथ्यता सम्बन्धी तालिम**

| बजेटउपशिर्षक नं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१८६ | १ | प्याकेज | ४०० | दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | नेपालका हिमाली तथा उच्च पहाडी भेगमा परम्परागत रूपमा सञ्चालन हुँदै आएका गोठहरूलाई आजभोलि गोठस्टेका रूपमा नयाँ पर्यटकीय उपजको रूपमा विकास गर्न थालिएको छ। गोठको प्राकृतिक र मौलिक जीवनशैली अनुभव गर्न आन्तरिक तथा बाह्यपर्यटकहरूको रुचि बढ्दै गएको छ। तथापि, पशुपालन र बसोबास एउटै क्षेत्रमा हुने भएकाले गोठस्टे सञ्चालनमा सरसफाइ, खाद्यसुरक्षा) र अतिथि सत्कार ठूलो चुनौतीका रूपमा रहेका छन्। पर्यटकलाई गुणस्तरीय सेवा दिँदै मौलिकता |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | पनि जोगाउन गोठस्टे सञ्चालक तथा स्थानीयहरुलाई व्यावहारिक तालिम दिन यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | गोठस्टे सञ्चालक तथा व्यवस्थापनमा संलग्न व्यक्तिको क्षमता अभिवृद्धि गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • गोठस्टे क्षेत्रको सरसफाइ र खाद्य स्वच्छताको स्तरमा उल्लेख्य सुधार आउने।<br>• पर्यटकहरूले सुरक्षित र गुणस्तरीय सेवा पाउने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम सम्बन्धित स्थानीयतह, निकाय, व्यावसायीहरु सँगको समन्वयमा संचालन गरिनेछ।<br>• यस तालिममा गोठस्टे अवधारणा, मापदण्ड, सुरक्षा, सरसफाइ, वातावरण संरक्षण, पर्यटकको स्वागत, सत्कार र बिदाइ लगायतका बिषयमा तालिम तथा अभिमुखिकरण गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ। |
| ५. जिम्मेवारनिकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | संचालन गरिने तालिम,तालिममा सहभागी गोठस्टे सञ्चालक,सत्कार तथा सेवा गुणस्तरमा आएको सुधार, सरसफाइ तथा स्वच्छता मापदण्डमा सुधार भएका गोठस्टेको संख्या |
| ७. प्रतिवेदनप्रणाली | तालिम सम्पन्न पश्चात तालिमको प्रगति, सहभागी विवरण, खर्च विवरण, उपलब्धि, सिकाइ तथा देखिएका समस्या समेटिएको प्रतिवेदन। |

## १०. स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१०९ | १ | पटक | २०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेशमा प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक पर्यटकीय गन्तव्यहरूलाई साइकल ट्रेलका रूपमा विकास गरी आन्तरिक तथा |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| | बाह्यपर्यटक आकर्षित गर्न सकिने ठूलो सम्भावना रहेको छ। स्वस्थ जीवनशैलीको विकास, स्थानीय आर्थिक गतिविधिमा वृद्धि, स्थानीय पर्यटकीय गन्तव्य, सांस्कृतिक सम्पदा, धार्मिक स्थल तथा प्राकृतिक सौन्दर्यलाई साइक्लिङ मार्फत जोडेर आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो। | | | | | |
| २. कार्यक्रमको उद्देश्य | साइक्लिङ मार्फत स्वस्थ्य जीवनशैली विकास र पर्यटकीय गन्तव्यको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने। | | | | | |
| ३. अपेक्षित उपलब्धी | साइक्लिङ मार्फत पर्यटकीय गन्तव्यको प्रचारप्रसार तथा पहिचानमा वृद्धि हुने। | | | | | |
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम साइक्लिङ संघसँगको सहकार्यमा लागत साझेदारी हुनेगरी प्रस्ताव माग गरेर संचालन गरिनेछ।<br>• यो कार्यक्रमबाट स्थानीयकला, संस्कृति एवं पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन हुने गरि साइक्लिङ अभियान/साइक्लिङ प्रतियोगिता लगायतका क्रियाकलापहरु गर्न सकिनेछ।<br>• यस कार्यक्रम बाट प्रचार-प्रसार, पुरस्कार, मायाको चिनो, खेलसँग सम्बन्धित सामाग्रीहरु, टिसर्ट, स्वास्थ्य सामाग्री लगायतमा खर्च गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न पश्चात लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, कार्य सम्पन्न प्रतिवेदन, फोटो र भिडियोहरु र सो सँग सम्बन्धित अन्य कागजातहरु सहित सम्बन्धित स्थानीयतहको सिफारिस लगायत कागजात संलग्न राखी भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ। | | | | | |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान | | | | | |
| ६. प्रगति सुचक | कार्यक्रम मार्फत प्रचार प्रसार गरिएका पर्यटकीय गन्तव्य, सहभागी साइकल यात्री संख्या, पहिचान गरिएका साइक्लिङ रुट | | | | | |
| ७. प्रतिवेदन प्रणाली | सम्बन्धित संस्थाले पेश गर्ने प्रतिवेदन, आवश्यकता अनुसार कार्यक्रमको फोटो/भिडियो, सम्बन्धिति निकायको अनुगमन | | | | | |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## ११. नेपाल-भारतमैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव, बिराटनगर

| बजेटउप शिर्षकनं | खर्चशीर्ष कनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९० ४१०१ | २२५२२ | २.५.११.११ ५ | १ | पटक | ५०० | पहिलो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमकोपृष्ठभुमी | नेपाल र भारतबीच ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा सामाजिक सम्बन्ध अत्यन्तै प्राचीन र घनिष्ठ रहेको छ। विशेष गरी मिथिला क्षेत्र (नेपालको तराई/मधेस र भारतको बिहार राज्य) प्राचीन सांस्कृतिक सम्पदा, कला, भाषा, खानपान र भेषभूषाका दृष्टिले एउटै साझा धरोहरको रूपमा उभिएको छ। दुई देश बीचको सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण र जनस्तरको सम्बन्धलाई अझ मजबुत गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | मिथिला कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्ध अझ प्रगाढ बन्ने।<br>• मिथिलाकला, संस्कृति तथा भाषाको अन्तर्राष्ट्रिय प्रचार प्रसार हुने। |
| ४. कार्यान्वयनप्रक्रिया | • यो कार्यक्रमको लागि नियमानुसार दर्ता/नवीकरण भई संचालनमा रहेका विगतमा यस्तै यस्तै महोत्सव समेत संचालन गरेका कुनै पनि संस्था/निकायले लागत साझेदारी खुल्ने गरी लागत अनुमान सहितको प्रस्तावना, आयोजक समितिको निर्णय र सम्बन्धित स्थानीय तहको सिफारिस साथ कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।<br>• यस कार्यक्रममा मिथिला लोकनृत्य तथा लोक संगीत प्रदर्शनी, नेपाल तथा भारतका कलाकारद्वारा सांस्कृतिक प्रस्तुति, मिथिला चित्रकला प्रदर्शनी, मिथिला सांस्कृतिक झाँकी प्रदर्शन, याली तथा मैत्री पदयात्रा लगायतका क्रियाकलपहरु गर्नुपर्नेछ।<br>• यस रकमबाट कार्यक्रमको लागि आवश्यक पर्ने स्टल तथा मञ्च व्यवस्थापन, साउण्ड सिस्टम, टेण्ट/कुर्सी, प्रचार प्रसार सामाग्री, व्यानर/फ्लेक्स, मायाको चिनो, भिडियो लगायतमा खर्च गर्न सकिनेछ। यस रकमबाट खाना तथा खाजामा खर्च गर्न पाइनेछैन।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ । |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रमसम्पन्नपश्चातप्रतिवेदन, सक्कलबिलभरपाई, फोटोतथाभिडियोरसम्बन्धितस्थानीयतहकोसिफारिसलगायतकोअन्यआवश्यक कागजातसंलग्नराखीकार्यालयमाभुक्तानीकोलागिनिवेदनपेशगर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | आयोजना गरिने महोत्सव, नेपाल र भारतबाट सहभागी हुने कलाकार, सांस्कृतिक समुह,प्रतिनिधि, प्रदर्शन गरिने मिथिला कला, महोत्सबाट सिर्जित पर्यटकीय सहकार्य, सम्भावना |
| ७. प्रतिवेदनप्रणाली | आयोजना गर्ने संस्थाले कार्यक्रमबाट प्राप्त उपलब्धी, समस्या, सुझाव सहित पेश गर्ने प्रतिवेदन, फोटो, भिडियो |

## १२. होमस्टे सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| बजेटउपशिर्षक नं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५१२ | २.६.६.८ | १ | पटक | ८०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | ग्रामीण पर्यटनको आधारका रुपमा रहेका होमस्टेहरुको दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। होमस्टेको बढ्दो प्रचलनसँगै यसको व्यवस्थित सञ्चालन, सेवाको गुणस्तर कायम राख्ने र दिगोपन सुनिश्चित गर्ने चुनौतीहरू पनि देखा परेका छन्। होमस्टे सञ्चालकहरूमा आवश्यक ज्ञान, सीप र व्यावसायिक क्षमताको अभावले गर्दा कतिपय अवस्थामा पर्यटकहरूले स्तरीय सेवा पाउन सकेका छैनन्। यसै कुरालाई मध्यनजर गर्दै होमस्टे सञ्चालकहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. कार्यक्रमको उद्देश्य | होमस्टे संचालक तथा संचालन गर्न इच्छुकहरुलाई अभिमुखीकरण गरी क्षमता अभिवृद्धि गर्ने। |
| ३. अपेक्षित उपलब्धी | होमस्टे सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सीप र क्षमता विकास हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • होमस्टे संचालन गर्न इच्छुक एवं नियमानुसार दर्ता/नवीकरण भइ संचालनमा रहेका नीजी तथा सामुदायिक होमस्टेहरुको आवश्यकता पहिचान गरी यो कार्यक्रम संचालन गरिनेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • यस कार्यक्रमबाट होमस्टे संचालनका आधारभुत विषयवस्तु, नियम कानुन, व्यवस्था, अवस्था र भुमिका, सफल होमस्टे सञ्चालनका अनुभव, सरसफाइ तथा सुरक्षा, अनलाइन प्रचार प्रसार, पर्यटनप्रवर्द्धन, पाककला एवं आतिथ्यता सम्बन्धी लगायतका बिषयहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।<br>• यस कार्यक्रमको लागि आवश्यकता अनुसार विषयबस्तुका जानकार स्रोत व्यक्तिहरुबाट समेत सहजीकरण गरी कार्यक्रम संचालनग रिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• यस कार्यक्रमबाट सहभागिहरुको लागि स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, कार्यपत्र प्रस्तुती खर्च, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटनकार्यालय धरान |
| ६. प्रगति सुचक | संचालन गरिने तालिम,सहभागी महिला, युवा तथा अन्य लक्षित समूहको संख्या,नयाँ दर्ता/व्यवस्थित भएका होमस्टेको संख्या, होमस्टे सञ्चालन गर्न इच्छुक नयाँ समूह/व्यक्तिको संख्या |
| ७. प्रतिवेदन प्रणाली | तालिम सम्पन्न पश्चात तालिमको प्रगति, सहभागी विवरण, खर्च विवरण, उपलब्धि, सिकाइ तथा देखिएका समस्या समेटिएको प्रतिवेदन। |

**१३. पर्यटन सूचना केन्द्रहरुको सुदृणीकरण**

| बजेटउपशिर्षक नं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.७.२५.७८ | १ | संख्या | २०० | पहिलो/दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमकोपृष्ठभुमी | विगत देखीनै संचालनमा रहेका पर्यटन सूचना केन्द्रहरु र पर्यटन कार्यालयहरुबाट जडान गरिएका डिजिटल डिस्प्ले बोर्डहरुमा आवश्यक सामाग्री व्यवस्थापनको लागि यो कार्यक्रम राखिएको हो। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| २. कार्यक्रमकोउद्देश्य | पर्यटकलाई डिजिटल माध्यमबाट सहज तथा प्रभावकारी पर्यटन सूचना उपलब्ध गराउने। |
| ३. अपेक्षित उपलब्धी | • पर्यटन सूचना केन्द्रहरू आधुनिक, व्यवस्थित र पर्यटक-मैत्री बन्नेछन्।<br>• पर्यटकहरूलाई सही, अद्यावधिक र व्यापक जानकारी सहजै उपलब्ध हुनेछ। |
| ४. कार्यान्वयन प्रक्रिया | • डिजिटल डिस्प्लेबोर्डको लागि अडियो/भिडियो लगायतका प्रचारप्रसारका सामाग्रीहरु तयारी र विधुत वापतको खर्च समेत यस कार्यक्रमबाट गरिनेछ।<br>• कार्यक्रम अन्तरगतको खरिद प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम गरिनेछ।<br>• अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | सुदृढीकरण गरिएका सूचना केन्द्र, डिजिटलबोर्ड, तयार गरिएका प्रचार प्रसारका सामाग्रीहरु,उपकरणहरु |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न प्रतिवेदन, फोटो, भिडियोहरु |

## १४. पर्यटन प्रवर्द्धन सहयोग कार्यक्रम

| बजेटउपशिर्षक नं | खर्चशीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.७.२५.५४ | १ | प्याकेज | ३०० | पहिलो/दोस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक दृष्टिकोणले धनी यस प्रदेशमा रहेका पर्यटकीय सम्भावनाहरुको प्रचार प्रसार एवं प्रवर्द्धनका लागि आयोजना हुने विभिन्न किसिमका कार्यक्रमहरुमा सहयोग र सहकार्य गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमकोउद्देश्य | पर्यटन व्यवसायी तथा सरोकारवालासँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धनका लागि आवश्यक सहयोग उपलब्ध गराउने। |
| ३. अपेक्षित उपलब्धी | स्थानीय कला संस्कृतिको प्रचार प्रसार र प्रवर्द्धन हुने। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ४. कार्यान्वयन प्रक्रिया | • कार्यक्रम आयोजना गर्न चाहने संस्था, समिति, स्थानीयतहले लागत साझेदारी खुल्ने प्रस्ताव पेश गर्नुपर्नेछ ।<br>• प्रस्तावको औचित्यता, आवश्यकता र सम्भाव्यता मुल्यांकन गरी सहयोगको र सहकार्यका लागि संझौता गरिनेछ ।<br>• यस कार्यक्रमबाट स्थानीय कला र संस्कृति झल्कने मेला महोत्सव, सांस्कृतिक साँझ, क्याम्पेन,साहित्य साझ, कला प्रदर्शनी आदिको आयोजना गर्न सकिनेछ ।<br>• यस कार्यक्रमबाट टेन्ट, स्टल निर्माण, साउण्ड सिस्टम, हल भाडा, ब्यानर, स्टेशनरी, प्रचार प्रसार, मञ्च व्यवस्थापन आदिमा खर्च गर्न सकिनेछ ।<br>• कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो तथा भिडियो र सम्बन्धित स्थानीय तहको सिफारिस लगायतको अन्य आवश्यक कागजात संलग्न राखी कार्यालयमा भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ । |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | आयोजना हुने पर्यटन मेला, महोत्सव, प्रदर्शनी,लक्षित दर्शकको संख्या,सहयोग प्राप्त पर्यटन प्रवर्द्धन कार्यक्रमको संख्या |
| ७. प्रतिवेदन प्रणाली | सम्बन्धित संस्थाले पेश गर्ने प्रतिवेदन, आवश्यकता अनुसार कार्यक्रमको फोटो/भिडियो |

## १५. डिजिटल मार्केटिङ सम्बन्धी तालिम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१७९ | १ | वटा | ५०० | दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | वर्तमान सूचना तथा प्रविधिको युगमा व्यवसाय विस्तार, बजारीकरण र ब्रान्डिङका लागि परम्परागतशैली भन्दा डिजिटल माध्यमहरू बढी प्रभावकारीसिद्ध भइसकेका छन्। सामाजिक सञ्जाल, वेबसाइट, सर्चइन्जिन तथा इमेल मार्फत वस्तु तथा सेवाको प्रचार—प्रसार गर्ने प्रवृत्ति बढ्दो क्रममा रहेको छ। पर्यटन व्यवसायी, उद्यमी तथा युवाहरूलाई यस क्षेत्रको व्यावहारिक ज्ञान र सीप प्रदान गरी आत्मनिर्भर बनाउन र उनीहरूको व्यवसायलाई डिजिटलयुग अनुकूल ढाल्न यो तालिम कार्यक्रम राखिएको हो। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| २. कार्यक्रमको उद्देश्य | पर्यटन व्यवसायी तथा सरोकारवालालाई डिजिटल मार्केटिङ सम्बन्धी आधारभूत तथा व्यवहारिक ज्ञान प्रदान गर्ने। |
| ३. अपेक्षित उपलब्धी | पर्यटन व्यावसायिहरुमा डिजिटल मार्केटिङ सम्बन्धी ज्ञान तथा व्यवहारिक सीप अभिवृद्धि हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम पर्यटन व्यावसायी, उद्यमी, विभिन्न संघसंस्थाहरुको समन्वय र साझेदारीमा संचालन गरिनेछ।<br>• यस तालिममा सामाजिक सञ्जाल मार्केटिङ (Facebook, Instagram, TikTok, YouTube), कन्टेन्टसिर्जना (पोस्ट, फोटो, भिडियो, रील), Email Marketing, ग्राहकसँग डिजिटल माध्यमबाट सम्बन्ध व्यवस्थापन, Search Engine Optimization (SEO) र डिजिटल विज्ञापन (Digital Ads) सम्बन्धी व्यावहारिक ज्ञान लगायतका विषयमा आधारित रहि तालिम संचालन गरिनेछ।<br>• यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | संचालन गरिने तालिम, सहभागी पर्यटन व्यावसायिहरु,सहभागीको तालिम पछिको ज्ञान, सीप तथा सन्तुष्टिस्तर,तालिम पश्चात डिजिटल प्लेटफर्म मा सक्रिय भएका पर्यटन व्यवसायिको संख्या |
| ७. प्रतिवेदन प्रणाली | तालिम सम्पन्न पश्चात तालिमको प्रगति, सहभागी विवरण, खर्च विवरण, उपलब्धि, सिकाइ तथा देखिएका समस्या समेटिएको प्रतिवेदन। |

## १६. प्याराग्लाइडिङ प्रतियोगिता

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.२११ | १ | पटक | ८०० | दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी प्रदेश साहसिक पर्यटनको प्रचुर सम्भावना भएको प्रदेश हो। यस प्रदेशका उदयपुर र धरानमा पछिल्लो समय प्याराग्लाइडिङ खेल मनोरञ्जनका साथै लोकप्रिय साहसिक खेलकुद र पर्यटकीय आकर्षणको रूपमा स्थापित भइरहेको छ। यसैलाई मध्यनजर गरेर प्याराग्लाइडिङ लाई विकास र विस्तार गरी प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| २. कार्यक्रमको उद्देश्य | साहसिक खेल पर्यटनको रुपमा प्याराग्लाइडिङलाई प्रवर्द्धन तथा विकास गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • कोशी प्रदेश साहसिक पर्यटन गन्तव्यका रूपमा थप परिचित हुने।<br>• प्याराग्लाइडिङ खेलको व्यावसायिक विकास हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ सँगको सहकार्यमा लागत साझेदारी हुने गरी प्रस्ताव माग गरी संचालन गरिनेछ।<br>• यस कार्यक्रमबाट प्रदेशस्तरीय/राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरको एक्युरेसी (Accuracy) तथा क्रस-कन्ट्री (Cross Country) प्रतिस्पर्धा संचालन गर्न सकिनेछ।<br>• यस कार्यक्रमबाट सहभागिहरुको लागि खाना, खाजा, स्टेशनरी, यातायता खर्च, पुरस्कार, व्यानर, प्रचारप्रसार, मेडिकल खर्च, मायाको चिनो, तयारी व्यवस्थापन लगायतमा खर्च गर्न सकिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• भुक्तानीको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो, भिडियो र स्थानीयतहको सिफारिस लगायतका आवश्यक कागजात सहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | उदयपुर र धरानमा सम्पन्न प्याराग्लाइडिङ प्रतियोगिता कार्यक्रम, विभिन्न संचार माध्यमबाट हुने प्रचार प्रसार |
| ७. प्रतिवेदनप्रणाली | सम्बन्धित निकायले कार्यक्रम तयारी देखी सम्पन्न सम्मका सम्पुर्ण विवरण,उपलब्धी,सिकाइ,समस्या समेटि तयार गर्ने प्रतिवेदन, फोटो/भिडियो। |

## १७. रुद्राक्ष उत्पादन क्षेत्रहरुमा होमस्टे तथा कृषि पर्यटन कार्यक्रम

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१८४ | १ | पटक | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | रुद्राक्षलाई केवल कृषि उपजको रूपमा मात्र नहेरी कृषि पर्यटन सँग जोड्न सके स्थानीय बासिन्दाको आयआर्जनका बहुआयामिक बाटाहरू खुल्ने देखिन्छ। रुद्राक्ष फुल्ने, फल्ने, टिपाइ गर्ने र प्रशोधन गर्ने प्रक्रिया आफैंमा आन्तरिक तथा बाह्य पर्यटकका लागि एक अनौठो अनुभव हुन सक्छ। यसैलाई मध्यनजर गर्दै रुद्राक्ष बगैंचा भित्र वा आसपास सामुदायिक तथा निजी होमस्टे सञ्चालन गरी स्थानीय संस्कृति, परिकार र प्राकृतिक सौन्दर्यको अनुभव दिलाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | रुद्राक्ष उत्पादन क्षेत्रलाई कृषि तथा ग्रामीण पर्यटन गन्तव्यका रूपमा विकास गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • रुद्राक्ष उत्पादन क्षेत्रको पर्यटन गन्तव्यका रूपमा पहिचान स्थापित हुने।<br>• रुद्राक्ष तथा स्थानीय कृषि उत्पादनको बजार विस्तार हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम होमस्टे संचाललक, होसम्टे संचालन गर्न ईच्छुक, कृषि व्यावसायीहरु सँगको सहकार्य र समन्वयमा संचालन गरिनेछ।<br>• आवश्यकता अनुसार प्रस्ताव माग गरी साझेदारीमा समेत कार्यक्रम संचालन गर्न सकिनेछ।<br>• यस कार्यक्रममा रुद्राक्ष बगान, अवलोकन, बजारीकरण, प्रशोधन, स्थानीय कृषि उत्पादन लगायतका क्रियाकलापहरुमा सहयोग गरी कार्यक्रम संचालन गरिनेछ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ। साथै साझेदारीमा संचालन भएमा सम्पन्न प्रतिवेदन, बिल भरपाई, फोटो लगायत आवश्यक अन्य कागजात पेश गर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगतिसुचक | कार्यक्रम संचालन भएको क्षेत्र, लाभान्वित व्यावसायीहरु, सहभागी व्यावसायी, कृषकहरु, संचालित कार्यक्रम |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न प्रतिवेदन, सहभागी विवरण, खर्च विवरण, उपलब्धि, सिकाइ तथा देखिएका समस्या समेटिएको प्रतिवेदन। |

## १८. र्‍याफ्टिङ महोत्सव/अभियान मार्फत पर्यटन प्रवर्द्धन कार्यक्रम

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.२०९ | १ | पटक | ४०० | दोस्रो/तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | नेपालकै सबैभन्दा ठुलो नदी सप्तकोशी नदी कोशी प्रदेशमानै भएकोले र्‍याफ्टिङको लागि उत्कृष्ट र लोकप्रिय मानिन्छ। साहसिक पर्यटनको एक प्रमुख अङ्ग मानिने र्‍याफ्टिङले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने मात्र नभई नदी किनारका स्थानीय समुदायको आर्थिक उपार्जनमा समेत ठूलो योगदान पुर्‍याउँछ। तसर्थ जलपर्यटन (Water Tourism) को सम्भावनालाई उजागर गर्दै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन र पर्यटन प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | साहसिक पर्यटन मार्फत पर्यटन आकर्षण गर्ने |
| ३. अपेक्षित उपलब्धी | साहसिक पर्यटनको नयाँ सम्भावनाको रूपमा जल क्षेत्रको पहिचान स्थापित हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यो कार्यक्रम याफ्टिङ गाइड, कायक र यस सँग सम्बन्धित पर्यटन व्यवसायीहरु सँगको सहकार्यमा लागत साझेदारी हुने गरी प्रस्ताव माग गरेर संचालन गरिनेछ।<br>• यस कार्यक्रममा व्यावसायिक गाइडहरू, प्रतिनिधिहरू र पर्यटकहरूको सहभागितामा र्‍याफ्टिङ र्‍याली, संचारकर्मी, ट्राभल ब्लगर र पर्यटन गाइडहरूलाई आमन्त्रण गरी जलयात्रा गराउने र समाचार/भिडियो सामग्री निर्माण गर्ने लगायतका गतिविधिहरु गर्नुपर्नेछ।<br>• यस कार्यक्रमबाट र्‍याफ्टिङ बोट, कायक, लाइफ ज्याकेट, हेल्मेट र गाइड व्यवस्थापन, साउण्ड सिस्टम, खानाखाजा, यातायात खर्च, प्राथमिक उपचार, उद्धार टोली, ब्यानर, प्रचार प्रसार, मायाको चिनो लगायतमा खर्च गर्न सकिनेछ। |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• कार्यक्रम सम्पन्न पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन, नियमानूसारको विल भर्पाई, फोटो तथा भिडियो लगायतका आवश्यक कागजात प्राप्त पश्चात भुक्तान गरिनेछ। |
| ५. जिम्मेवारनिकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | आयोजना हुने ज्याप्टिङ अभियान, सहभागि गाइड, पर्यटक, प्रतिनिधि, पहिचान गरिएका रुट, सम्भावना |
| ७. प्रतिवेदनप्रणाली | सम्बन्धित संस्थाले संचालन गरिएका गतिविधि, कार्यक्रमको उपलब्धी, प्रभाव, सम्भावना समेटि पेश गर्ने प्रतिवेदन। |

१९. **पर्यटन सम्बन्धी सामाग्री छपाई (ब्रोसर, लिफलेट, डायरी, क्यालेणरआदी)**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१५६ | १ | प्याकेज | ४०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा सूचना तथा प्रचार-प्रसारको महत्त्वपूर्ण भूमिका रहन्छ। सूचना तथा प्रचार सामग्रीको अभावमा धेरै सम्भावनायुक्त पर्यटन गन्तव्यहरू ओझेलमा पर्ने गरेका छन्। पर्यटन सम्बन्धी यस्ता समाग्रीहरुले आन्तरिक तथा बाह्य पर्यटकलाई सही, सरल र आकर्षक जानकारी उपलब्ध गराई पर्यटन प्रवर्द्धन गर्ने भएकोले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमकोउद्देश्य | जानकारीमुलक र सूचनामुलक सामाग्री मार्फत प्रचार प्रसार गर्ने। |
| ३. अपेक्षित उपलब्धी | • पर्यटन गन्तव्यहरूको प्रचार प्रसारमा प्रभावकारी वृद्धि हुने।<br>• पर्यटकलाई आवश्यक सूचना सहज रूपमा उपलब्ध हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यस कार्यक्रमबाट प्रचारप्रसारका विभिन्न सामाग्रीहरु पर्यटन ब्रोसर, लिफलेट, फ्लेक्स/व्यानरहरु तथा पुस्तिका डिजाइन र छपाइ, पर्यटन डायरी, क्यालेन्डर तथा डेस्क क्यालेन्डर प्रकाशन, पर्यटन नक्सा |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | (Tourist Map) तयारी, फोटोबुक,गन्तव्यहरुको फोटो सहितको प्रचारप्रसारका सामाग्रिहरु आदि छपाई तथा विवतरण गर्न सकिनेछ।<br>• आवश्यकतानुसार नेपाली र अंग्रेजी दुवै भाषामा सामग्री प्रकाशन गर्न सकिनेछ।<br>• प्रचारप्रसारका सामाग्रीहरुको खरिद सार्वजनिक खरिद विधि अनुसार गर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | तयार हुने ब्रोसर, डायरी, लिफलेट, फ्लेक्स/व्यानरहरु, क्यालेन्डर, फोटोबुक लगायतका सामाग्रिहरु |
| ७. प्रतिवेदन प्रणाली | छपाइ भई वितरण भएका सामाग्रीहरुको मासिक, त्रैमासिक विवरण |

## २०. उपहारजन्य सामाग्री छपाइ तथा खरिद

| बजेट उपशिर्षकनं | खर्च शीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.७.२५.८९ | १ | प्याकेज | ४०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कुनै पनि क्षेत्र वा संस्थाको ब्रान्डिङ र पहिचान अभिवृद्धिमा उपहारजन्य सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। स्थानीय कला, संस्कृति झल्किने, पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार हुने किसिमका उपहारजन्य सामाग्री मार्फत पर्यटन प्रवर्द्धन हुनुका साथै सकारात्मक छवि समेत निर्माण हुने भएकोले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | स्थानीयकला, संस्कृति, हस्तकला तथा उत्पादनको प्रवर्द्धन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | स्थानीय कला, संस्कृति र उत्पादनहरूको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्नेछ। |
| ४. कार्यान्वयन प्रक्रिया | • यस कार्यक्रमबाट स्थानीय पहिचान र पर्यटकीयस्थलका तस्बिर/लोगो अंकित उपहार सामग्रीहरू (कप, टी-सर्ट, की-रिङ, झोला, टोपी, कलम,कोटव्याच, स्पाइरल डायरी, हस्तकलाका सामाग्रीहरु आदि) छपाई तथा खरिद गर्न सकिनेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • स्थानीय हस्तकला तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिई उपहार सामग्री खरिद गर्नुपर्नेछ।<br>• उपहारजन्य सामाग्रीहरु विभिन्न किसिमका कार्यक्रम, विभिन्न प्रदर्शनी, मेला, भ्रमण तथा औपचारिक अवसरमा सामग्री वितरण गर्न सकिनेछ ।<br>• उपहारजन्य सामाग्री छपाई तथा खरिदका लागि सार्वजनिक खरिद ऐन अनुसरण गर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | छपाइ/खरिद गरिएका उपहारजन्य सामग्रीको संख्या,सामग्री प्राप्त गर्ने अतिथि तथा सरोकारवालाहरु, वितरण गरिएका कार्यक्रमहरु |
| ७. प्रतिवेदन प्रणाली | खरिद भई वितरण भएका उपहारजन्य सामाग्रीहरुको मासिक, त्रैमासिक विवरण |

**२१. पौराणिकगाथा, लोक कथा र ऐतिहासिक तथ्यमा आधारित डिजिटल स्टोरी टेलिङ सामाग्री तयारी**

| बजेट उपशिर्षक नं | खर्च शीर्षक नं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजित रकम रु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.१९७ | १ | प्याकेज | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | आधुनिक प्रविधिको द्रुत विकासका कारण हाम्रा पौराणिक गाथा, विभिन्न समुदायका लोकभाकाहरु लगायतका ऐतिहासिक सम्पदाहरू ओझेलमा पर्दै गएका छन्। तसर्थ आजको युवा पुस्ताहरू मुख्यतया डिजिटल प्लेटफर्ममा सक्रिय पुस्तालाई हाम्रा परम्परागत कथाहरूलाई आधुनिक डिजिटल स्टोरी टेलिङको माध्यमबाट पुनर्जीवित गर्नु अपरिहार्य भएकोले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | डिजिटल स्टोरी टेलिङ मार्फत पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्ने। |
| ३. अपेक्षित उपलब्धी | गुणस्तरीय डिजिटल स्टोरी टेलिङ सामग्री उत्पादन हुने। |
| ४. कार्यान्वयन प्रक्रिया | • यस कार्यक्रमबाट सांस्कृतिक, धार्मिक, पौराणिक, ऐतिहासिक लोककथा, घटना र गाथामा आधारित छोटो स्टोरीटेलिङ भिडियो, अडियो लगायतका सामाग्रीहरु निर्माण गर्न सकिनेछ। |

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • यसरी तयार गरिएको सामाग्री सजिलै बुझिने र संक्षेपमा प्रस्तुत गरिएको हुनुपर्नेछ र डिजिटल माध्यममा प्रसारण गरिएको हुनुपर्नेछ। <br> • यो कार्यक्रमको खर्च भुक्तानीका लागि तयारी सामाग्री समावेश भएको पेनड्राइभ, प्रतिलिपि अधिकार हस्तान्तरण पत्र, बिल भर्पाइ समावेश गरी सम्झौता बमोजिम भुक्तानी गर्नुपर्नेछ। |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | तयार गरिएका डिजिटल स्टोरी टेलिभिडियो/अडियो लगायतका सामग्रीको संख्या |
| ७. प्रतिवेदन प्रणाली | समग्र कार्यक्रमको उपलब्धी, बिषयबस्तु, स्क्रिप्ट, तयार गरिएका सामाग्रीहरु समेटी तयार गरिने प्रतिवेदन |

## २२. **Explore Koshi Tappu कार्यक्रम**

| बजेटउपशिर्षकनं | खर्चशीर्षकनं | PLMBIS code | परिमाण | ईकाइ | विनियोजितरकमरु (हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३२९०४१०१ | २२५२२ | २.५.११.२१० | १ | पटक | ५०० | तेस्रो |

| शिर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभुमी | कोशी टप्पु वन्यजन्तु आरक्ष नेपालको एक महत्वपूर्ण सिमसार क्षेत्र हो जहाँ दुर्लभ जंगली भैंसी, डल्फिन, विभिन्न प्रजातिका चराचुरुङ्गी तथा अन्य वन्यजन्तुहरु पाइन्छ। यस क्षेत्रले आन्तरिक तथा बाह्य पर्यटन विकासका लागि ठूलोसम्भावना बोकेको छ। तर पनि प्रचार-प्रसारको कमी, पूर्वाधारको अपर्यासता र स्थानीय समुदायलाई पर्यटनसँग प्रभावकारी रूपमा जोड्नन सक्दा यस क्षेत्रले पाउनुपर्ने पर्यटकीय पहिचान अझै पाउनसकेको छैन। यसै सन्दर्भमा, कोशीटप्पुको प्राकृतिक र सांस्कृतिक गरिमालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न "Explore Koshi Tappu" कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | कोशी टप्पु क्षेत्रको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने। |
| ३. अपेक्षित उपलब्धी | कोशीटप्पुको पर्यटकीय सम्भावनाको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापक प्रचार-प्रसार हुनेछ। |
| ४. कार्यान्वयन प्रक्रिया | • कोशीटप्पु क्षेत्रमा रहेका कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय,विभिन्न संघसंस्था तथा समितिहरुसँगको समन्वयमा यो कार्यक्रम कार्यान्वयन गरिनेछ। |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | |
|---|---|
| | • यस कार्यक्रममा यस प्रदेशका र अन्यप्रदेशबाट समेत पर्यटन व्यावसायी, उद्यमी एवं संचारकर्मी लागयतलाई सहभागिता गराई। कोशीटप्पु क्षेत्रको प्रचार प्रसारमा समन्वय गरिनेछ ।<br>• यस कार्यक्रम कोशीटप्पु क्षेत्रमा चराचुरुङ्गी अवलोकन (Bird Watching) कार्यक्रम, हात्ती सफारी र बोटिङ, र्‍याफ्टिङ, विभिन्न धार्मिक एवं सास्कृतिक महत्वका स्थानहरुको अवलोकन, स्थानीय कला, संस्कृति, खानपान प्रवर्द्धन लगायतका कार्यक्रमहरु गरी संचालन गरिनेछ ।<br>• कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई समेत दिनुपर्नेछ। मन्त्रालयले कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।<br>• यस कार्यक्रमबाट प्रचारप्रसार, खाना खाजा, भ्रमण खर्च, यातायात खर्च, ब्यानर/फ्लेक्स तयारी, स्वयमसेवक खर्च, अन्य तयारी एवं व्यवस्थापनसँग सम्बन्धित खर्च आदि कार्यक्रम सँग सम्बन्धित सम्पुर्ण खर्च गर्न सकिनेछ ।<br>• कार्यक्रम सम्पन्न पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन, नियमानूसारको विलभर्पाई, फोटो तथा भिडियो लगायतका आवश्यक कागजात प्राप्त पश्चात भुक्तान गरिनेछ । |
| ५. जिम्मेवार निकाय | पर्यटन कार्यालय धरान |
| ६. प्रगति सुचक | कार्यक्रमका सहभागीको संख्या,सञ्चालन गरिएका गतिविधिको संख्या,संकलित फोटो, भिडियो तथा अन्य सामग्रीको संख्या । |
| ७. प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न प्रतिवेदन, फोटो, भिडियो लगायत |

राजेन्द्र कुमार लिम्बु (लिम्बू)
मन्त्री

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव